# २०४८ - ४९

## २०४८ साल आषाढ २७ गते संसदको प्रथम अधिवेशनमा अर्थ राज्यमन्त्री श्री महेश आचार्यले दिनु भएको बजेट वक्तव्य

श्री ५ को सरकार
अर्थ मन्त्रालय
काठमाडौ
२०४८

**सम्माननीय सभामुख महोदय,**

१. बहुदलीय प्रजातन्त्रको पुनर्स्थापना पश्चात् आम-चुनावबाट बहुमत प्राप्त गरेको सरकारको अर्थ राज्यमन्त्रीको हैसियतले यस गरिमामय संसदको पहिलो अधिवेशनमा नेपाल अधिराज्यको आर्थिक वर्ष २०४८।४९ को बजेट प्रस्तुत गर्न पाउंदा म ज्यादै गौरवान्वित भएको छु । आजको यो अवसरलाई मैले २०१६ सालमा श्री विश्वेश्वर प्रसाद कोइरालाको नेतृत्वमा गठीत नेपाली कांग्रेसको पहिलो निर्वाचित सरकारको देश निर्माण गर्ने संकल्प र अठोटलाई दोहोऱ्याउने तथा आजको नयां परिस्थितिमा नेपाली कांग्रेसको यो सरकारले जनता, विकास र प्रजातन्त्रको निम्ति व्यक्त गरेको प्रतिबद्धतालाई पूरा गर्ने दिशातर्फ अग्रसर हुने मौकाको रुपमा लिएको छु । यो ऐतिहासिक अवसरमा सर्वप्रथम म प्रजातन्त्रको लागि वीरगति प्राप्त गर्ने सम्पूर्ण नेपाली सपूतहरु प्रति श्रद्धान्जली अर्पण गर्दछु ।

२. नयां सरकार गठन भएको छोटो अवधि भित्रै विभिन्न आर्थिक कठिनाई र वित्तिय वाध्यताहरुको बीच आगामी आर्थिक वर्षको बजेट निर्माण गर्नु परेकोले सरकारले चाहे अनुसारका मौलिक परिवर्तनहरु यस बजेटमा गर्न सकिएको छैन तापनि बजेटमा समावेश गरिएका नीति र कार्यक्रमहरुले विकासको फल जनसमक्ष पुऱ्याउन तथा हामीले गरेको प्रतिवद्धतालाई क्रमशः पूरा गर्दै लान र अर्थ व्यवस्थालाई स्पष्ट दिशावोध दिने तर्फ सफल हुनेछ भन्ने विश्वास लिएको छु ।

३. देशको आर्थिक स्थिति तर्फ हेर्दा राष्ट्रिय उत्पादन वृद्धिदर विगत सोह्र वर्षको अवधिमा औसतः वार्षिक ३.९ प्रतिशतले बढेको देखिन्छ तापनि यसमा प्रत्येक वर्ष जस्तो उतार-चढाव भएको छ । जनसंख्या वृद्धिदर सोही अवधिमा २.६६ प्रतिशत भएबाट वार्षिक राष्ट्रिय उत्पादनमा खूद १.२ प्रतिशतले मात्र वृद्धि भएको छ । यो वृद्धि खास गरी सेवा तथा निर्माण क्षेत्रमा भएकोले यसको प्रतिफल शहरी क्षेत्रका केही सीमित वर्गले मात्र प्राप्त गर्न सकेका छन् । ग्रामीण क्षेत्रमा बसोबास गर्ने जनताहरुको जीवनस्तरमा भने कुनै सुधार भएको छैन । यस अवधिमा कृषि उत्पादन औसतः वार्षिक ३.२ प्रतिशतका दरले वृद्धि भएको छ भने खाद्यान्न उत्पादन औसत वार्षिक २.७ प्रतिशतले वृद्धि भएको छ । यसरी खाद्यान्न तर्फ प्रति इकाई जमीनको उत्पादकत्वमा केवल ०.५ प्रतिशतले मत्र वृद्धि भएको देखिन्छ । साथै कृषि क्षेत्र अझै पनि मौसममा नै निर्भर रहेको तथ्य उत्पादनमा देखा परेको उतार-चढावबाट पनि स्पष्ट हुन्छ । गैह्र कृषि क्षेत्रमा वृद्धिदर ५.५ प्रतिशत भए तापनि औद्योगिक उत्पादनमा स्थायित्व आउन सकेको छैन । गत वर्ष राष्ट्रिय आय करीब ८९ अरब ९४ करोड १० लाख रुपैयां भएबाट सरदर प्रतिव्यक्ति वार्षिक आय ४ हजार ८१५ रुपैयां अनुमान गरिएको छ । करीब ४२.५ प्रतिशत गरिबीको रेखामुनिका परिवारले वार्षिक आय सरदर ३ हजार २८५ रुपैयांबाट आफ्ना जीविका गुजारी राखेका छन् र यिनीहरुले राष्ट्रिय गार्हस्थ्य उत्पादनको १२ देखि १३ प्रतिशत मात्र ओगटेका छन् ।

४. कूल गार्हस्थ्य बचतमा विगत केही वर्षदेखि ह्रास हुंदै आएको छ र सो प्रवृत्तिमा सुधार आउन सकेको छैन । यसको मुख्य कारणहरुमा सरकारी र गैर सरकारी क्षेत्रमा भएको लगानीको प्रभावकारितामा कमी, लगानीको प्रतिफल प्राप्त हुन ढिलाई र अनुत्पादक खर्चमा ठूलो वृद्धि हुनु नै हो । यस स्थितिमा अर्थतन्त्रमा तरलताको मात्रामा ठूलो वृद्धि भएको छ । गतवर्ष कूल गार्हस्थ्य बचत ९.३ प्रतिशत मात्र रहेको छ । लगानी तर्फ पनि विगत वर्षको दांजोमा ह्रास हुन आई १८.२ प्रतिशत मात्र रहेको देखिन्छ ।

५. राजस्व परिचालनमा अप्रत्यक्ष करको बाहुल्य रहेको छ । खर्चको वृद्धिको अनुपातमा राजस्वमा वृद्धि हुन सकेको छैन । विगत सोह्र वर्षमा राजस्वको वार्षिक वृद्धि सरदर १६.० प्रतिशत रहेको छ । अर्को तर्फ, विकास बजेटको आकार अघिल्लो वर्षको दांजोमा ठूलो राख्नु पर्छ भन्ने प्रवृत्तिले देशमा जरो गाडेको छ । फलस्वरुप आर्थिक तथा प्राविधिक दृष्टिकोण र आयोजना संचालन गर्ने क्षमतालाई विचारै नगरी हचुवा किसिमले आयोजनाहरु लिने प्रचलन रहेको छ । यो प्रवृत्ति आर्थिक विकृतिको एक नमूना हो । आर्थिक विकासको यस्तै ढांचा र सोचाइको परिणाम स्वरुप देशमा ठूलाठूला आयोजनाहरु पनि थालिए । तर कतिपय यस्ता आयोजनाहरु न त समयमा नै सम्पन्न हुन सके न त तिनको प्रतिफल जनतासम्म पुग्न सक्यो । विकास कार्य यसरी पूंजी-प्राधान्य बन्दै गएको छ र यो दिनानुदिन धान्नै नसक्ने किसिमले महङ्गो हुंदैछ । कूल राजस्वको करीब ७५ प्रतिशत साधारण खर्चको निम्ति व्यहोर्नु पर्ने भएकोले विकास कार्यको लागि चाहिने रकम आन्तरिक साधनबाट जुटाउन सकिएको देखिंदैन । यसले गर्दा पनि विकास आयोजनाबाट आशा गरे अनुसार प्रतिफल अर्थ-व्यवस्थाले पाउन सकेको छैन । विकास बजेटतर्फ पनि तलव भत्ता, अनुदान, मर्मत संभार जस्ता सालबसाली खर्चकै बाहुल्य रहन गएको देखिन्छ । सरकारी संस्थानहरु एकातिर घाटामा चलि रहेका छन् भने अर्कोतिर उद्देश्य अनुरुप यस्ता संस्थानहरुको संचालन खर्चको निम्ति ठूलो धनराशी प्रत्येक वर्ष व्यहोरी राखेको छ । आर्थिक दृष्टिकोणले फाइदा नहुने कार्यक्रम, अनुत्पादक खर्च र प्रशासनिक खर्चहरुमा कटौती र संस्थानहरुले बोकाएको वित्तिय दायित्वको बोझ कम नगर्ने हो भने सरकारले ठूलो मात्रामा न्यून वित्त परिचालन गरी खर्चको निम्ति रकम जुटाउनु पर्ने हुन्छ जुन कुनै पनि दृष्टिकोणले स्वस्थ अर्थतन्त्रको निम्ति हितकर हुंदैन । यी नै वास्तविकतासंग हामीले जुध्नु परेको छ र यो चुनौतिलाई सामना गर्न सरकार पछि पर्ने छैन ।

६. प्रजातान्त्रिक परिपाटी अन्तर्गत विकास प्रकृयामा जनसहभागिता भएन भने विकास प्रयास सफल र टिकाउ हुन सक्दैन । विकासलाई फलदायी र जनमुखी बनाउने हो भने विकास आयोजनाको छनौटदेखि तिनको कार्यान्वयनसम्म, विकास कार्यको लागि साधन जुटाउनेदेखि साधनको बाडफांड र उपयोग गर्ने जस्ता कार्यमा जनता सहभागी हुन सक्ने वातावरण

बनाउनु अनिवार्य हुन्छ । तसर्थ यो सरकारको दृष्टिमा जनसहभागितामा आधारित स्थानीय संस्थाहरु नै ग्रामीण विकासको मेरुदण्ड हुनेछन् र तिनीहरुबाट स्थानीय विकासका कार्यहरु संचालन र संवर्द्धन हुनेछन् । यसका लागि स्थानीय सामूदायिक संगठन, साझा संघ-संस्था र उपभोक्त समूह जस्ता स्वशासित र आत्मनिर्भर इकाइहरु संगठीत हुनु आवश्यक छ । यस्ता संस्थाहरुको स्वस्फूर्त विकास र प्रवर्द्धनमा समाजसेवी, गैह्र सरकारी सामाजिक र विकास संस्था र राजनैतिक संगठनहरुको अहम् भूमिका हुनु पर्ने देख्दछु ।

७. देशको राजनैतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक परिवेश समेट्ने प्रजातान्त्रिक समाजवादको आर्थिक संरचना मिश्रित अर्थ-व्यवस्था हो । तर यस आर्थिक व्यवस्थामा पनि साधनको कुशलता बढाई उत्पादन वृद्धि गर्न बजारमुखी र प्रतिस्पर्धात्मक आर्थिक क्रियाकलापमा निजी क्षेत्रले प्रमुख भूमिका खेल्नु पर्दछ । केही खास खास आधारभूत सेवा, विकासका आधारशीला, ग्रामीण क्षेत्रका गरीब तथा विपन्न वर्गको आर्थिक स्थिति सुधार्ने कार्यमा टेवा दिने र सुरक्षाको दृष्टिकोणले महत्वपूर्ण स्थान ओगट्ने सेवा र उद्योगहरुमा भने सरकारी संलग्नता रहने छ ।

८. मिश्रित अर्थ-व्यवस्थाको बजारोन्मुख र प्रतिस्पर्धात्मक आर्थिक संरचनाको माध्यम तथा जनतालाई निरन्तर सहभागी गराउने विकास प्रक्रियाद्वारा देशका वहुसंख्यक गरीब, निमुखा, ग्रामीण जनतासम्म विकासको प्रतिफल पुऱ्याउने प्रयास यो बजेटको आधारभूत सिद्धान्त हो । देशमा विद्यमान असमान आर्थिक सम्बन्धका कारणले गर्दा राष्ट्रिय उत्पादनमा वृद्धि नै भए पनि आर्थिक र सामाजिक न्याय गरीब र निमुखा जनतासम्म पुग्न पाउँदैन । त्यसैले ग्रामीण अर्थ-व्यवस्थालाई गतिशील तुल्याई, उत्पादन र वितरण प्रणालीलाई गरीब तथा विपन्न समुदाय प्रति लक्षित गराउन सरकार प्रयत्नशील रहनेछ । सरकारको विकास प्रयासहरु देशमा विद्यमान कहालीलाग्दो गरीबी क्रमशः समाप्त गर्ने खालका कार्यक्रमहरु तर्फ परिलक्षित हुनेछन् । यस उद्देश्यका निम्ति सरकारले मूलतः प्राथमिक शिक्षा, प्राथमिक स्वास्थ्य सेवा, स्वच्छ पिउने पानी, ग्रामीण यातायात, पर्यावरण संरक्षण, कृषि, घरेलु, उद्योग र उत्पादन तथा आयमूलक कार्यक्रमलाई प्राथमिकता दिने नीति अपनाउने छ ।

**उद्देश्यहरु :**

माथि उल्लेखित निर्देशक सिद्धान्तलाई आधारमानी यस बजेटमा निम्न उद्देश्यहरु राखिएका छन् ।

क. राष्ट्रिय विकासको मूलधारामा सर्वसाधारण जनतालाई सहभागी गराउने र विकासको प्रतिफल जनताको घर दैलोमा पुऱ्याउने ।

ख. सर्वसाधारणको आर्थिक कठिनाइ कम गर्ने ।

ग. निजी क्षेत्रको सहभागितामा वृद्धि गराई राष्ट्रिय अर्थतन्त्रलाई अझ बढी उदार गतिशील बनाउने ।

घ. अनुत्पादक खर्च वृद्धिमा नियन्त्रण गरी प्रशासनिक खर्च र विकास लगानीको बीचमा विवेकशील सन्तुलन कायम गर्ने ।

ङ राजस्व प्रशासनलाई सरल, सक्षम र सुदृढ बनाई आन्तरिक श्रोतको परिचालनमा वृद्धि गर्ने ।

यस बजेटमा समावेश गरिएका कार्यक्रममा नीतिगत सुधारहरु खर्चको बांडफांड, राजस्व परिचालन र मौद्रिक तथा वित्तीय नीतिहरु यिनै उद्देश्यहरुबाट निर्देशित छन् ।

**(क) राष्ट्रिय विकासको मूलधारामा जनसाधारणलाई सहभागी गराउने ।**

९ सरकारको मूल लक्ष्य अहिलेसम्म विकासको मूलधाराबाट अलग रहेका र विकासको फलबाट बन्चित रहेका क्षेत्र र वर्गको हित गर्नु हो भन्ने कुरा माथि  नै उल्लेख गरी सकेको छु। तसर्थ विकास लगानीको ठूलो हिस्सा आर्थिक सामाजिक दृष्टिकोणले पिछडिएका ोत्रहरुमा न्यूनतम आर्थिक र सामाजिक सेजा पुऱ्याउनुमा खर्च गर्ने नीति अनुरुप विकास खर्चको बाँडफाँडमा शहरी क्षेत्रको तुलनामा ग्रामीण क्षेत्रको हिस्सामा बृद्धि ल्याउने प्रयास गरेको छु । स्वच्छ खानेपानी, ग्रामीण यातायात, सिंचाई शिक्षा र स्वास्थ्य सेवामा क्रमिक रुपमा खर्च बढाउँदै लाने नीति बजेटमा लिएको छु ।

१० गएको आम निर्वाचनको सिलसिलामा ग्रामीण जनताका आवश्यकताहरु र विकास चाहनाहरु अभूतवपूर्व रुपमा अभिव्यक्त भए । यी विकास आकाँक्षाहरु मध्ये यातायात सुविधा प्रमुख हो । यातायातको विकास बीना आन्तरिक बजार व्यवस्थाको विस्तार तथा विकासको प्रतिफल गाउँघर सम्म पुग्न सक्दैन । तसर्थ राष्ट्रियस्तरमा सडक निर्माण कार्यहरुलाई योजनाबद्ध रुपमा कार्यान्वयन गर्न बृहत्त राष्ट्रिय सडक यातायात आयोजना तैयार गरिनेछ । ग्रामीण स्तरमा संचालन हुने सडक आयोजनाहरु छानिदा प्राविधिक दृष्टिकोणले उपयुक्त र पर्यावरणलाई प्रतिकूल असर नपरोस भनने दृष्टिले प्रत्येक जिल्लाका लागि पनि सडक विस्तार योजना (Road Network Plan) तैयार पारी निर्माण कार्य अगाडी बढाउने तर्फ ध्यान दिइने छ । अहिलेसम्म मोटर सडकको सुविधाबाट बचित भएका जिल्ला सदर मुकामहरु सकेसम्म चाडो सकड पुऱ्याउने नीति अनुरुप आगामी आर्थिक बर्ष भित्र चार ओटा जिल्लाका सदरमुकाम मोटर चल्ने सडक पूर्ण रुपले पुग्ने छन् भने एघार जिल्लाहरुका सदरमुकामहरु जोड्ने सडक निर्माण कार्य शुरु गरिनेछ ।

११ त्यस्तै उत्पादन क्षेत्रलाई बजारसँग आवद्ध गरी उत्पादन बृद्धिका लागि प्रोत्साहन गर्न र सकेसम्म बढी जनतालाई यातायातको सुविधा पुऱ्याउने दृष्टिकोणले ग्रामीण यातायात विकासलाई विशष जोड दिइने छ। तर देशको वित्तीय स्थिति, उपलब्ध साधन र त्यसको परिचालन संभावनालाई दृष्टिगत गर्दा सरकारी प्रयासले मत्र यो संभव हुँदैन । स्थानीय महत्वका निर्माण कार्यमा पूर्ण रुपले सरकारी अनुदानमा निर्भर रहने हो भने मोटर बाटा, खानेपानी, सिचाई जस्ता

न्यूनतम आवश्यकता पूरा गर्न पनि निकै लामो समय पर्खनु पर्ने हुनछ । त्यसैले यस्ता आधारभूत एवम सार्वजनिक परियोजनाहरुमा सरकार र जनताको संयुक्त सहभागिता र सभ्कोदारी हुनु जरुरी छ । यो अनुभव सिद्ध कुरा हो कि शुरु देखि नै जन सहभागिताको आधारमा संचालित परियोजनाहरु दीर्घकालीन रुपमा फलदायी हुन्छन् र जनताले यस्ता परियोजनाहरुलाई आत्मसात गर्छन र पछि सम्म मर्मत सम्भारमा सहभागी हुन्छन् । यस वास्तविकतालाई ध्यानमा राखी जनसहभागिताको आधारमा हुने जिल्लास्तरीय सडक निर्माणको लागि मेशीन औजार, बजारबाट खरिद गर्नु पर्ने निर्माण सामग्री ढुवानी र प्राविधिक शीप, सुपरिवेक्षण र संचालन गर्नको लागि अनुदान दिने व्यवस्था गरिएको छ । जिल्लास्तरीय सरकारी कार्यालय, जिल्ला विकास समिति र उपभोक्ता समूहको समन्वयात्मक प्रयासमा संचालन हुने यस्ता परियोजनाहरुमा आवश्यक श्रम जन सहभागिताको आधारमा जुटाउनु पर्ने छ । यस्तै किसिमको व्यवस्था ग्रामीण स्तरमा संचालन हुने खानेपानी, सिचाई र अन्य सार्वजनिक निर्माणहरु र तिनका मर्मत तथा संभार कार्यहरुमा पनि अपनाइने छ ।

१२ वालीनालीको विकासमा उन्नत विउ, मलखाद र सिंचाईको प्रविधिलाई समूचित उपयोग गरी प्रति इकाई जमीनको उत्पादकत्वमा बृद्धि गर्न कृषि अनुसन्धान,प्रसार र तालीम सम्वन्धी कार्यक्रमलाई प्रभावकारी ढंगबाट संचालित गराइनेछ । अधिकांश कृषकहरु साना तथा गरीब भएको सन्दर्भमा पशु पंक्षि, फलफूल, तरकारी, नगदेवाली खेती जस्ता व्यवसायको विकासले कृषकहरुको आयमा बृद्धि मात्र गर्दैन कि यसबाट रोजगारीको अवसरमा पनि बृद्धि हुने भएकोले यस्ता व्यवसायहरुलाई अंगाल्न कृषकहरुलाई विशेष आकर्षित गराइनेछ । कृषि व्यवसायको निम्ति चाहिने प्रविधि, प्रसार उन्नत विउ, उन्नत नश्ल, पशुस्वास्थ्य मलखाद, औषधी, कृषि ऋण, बजार मूल्यको सूचना जस्ता सेवाहरु यौटै छानो मुनीबाट उपलब्ध गराइने नीति अवलम्बन गरिनेछ ।

१३ कृषि क्षेत्रको उत्पादन र उत्पादकत्वमा बृद्धि गर्न सरकारी स्तरमा निर्माण गरिएका सिचाई आयोजनाहरुबाट निर्धारित समय तालिका अनुसार पानी वितरण, मर्मत संभार गरी सिंचित क्षेत्रको पूर्ण उपयोग गरिनेछ । सिंचाई आयोजनाहरुको निर्माण देखि व्यवस्थापन सम्म कृषकहरुको सहभागिता गराउने नीति लिइने छ  र ठूला सिचाई आोजनाहरुको संचालन निम्ति गठीत विकास समितिमा उपभोक्ता समूहको पनि प्रतिनिधित्व गराइनेछ । कृषकहरुको उपभोक्ता समूहलाई संचालनमा आएका साना तथा मभ्कौला सिंचाई आयोजनाहरुको मर्मत तथा संभार र व्यवस्थापन हस्तान्तरण गर्ने प्रकृयामा तीब्रता ल्याइनेछ ।

१४ कृषि सामग्री, कृषि पैदावार वस्तुहरुको खरिद विक्री तथा संचयको लागि सहकारी, साभ्का संघ संस्था र उपभोक्ता समूह संगठन गर्न प्रोत्साहन गरिनेछ र स्थापना भइसकेको साभ्का सहकारी वा उपभोक्ता समूह जस्मा सहकारी हस्तक्षेप भएका छन्, स्थानीय जनता आफैले संचालन गर्न छाडिनेछ ।

१५ आयोजनाहरुको कार्यान्वयन समयमा नै नहुनाले पनि विकाशको प्रतिफल जनतामा पुग्न ढिलाइ हुने र लागत पनि बढ्ने कुरा स्पष्ट  छ । यस्तो स्थिति हुन नदिन बोलपत्र आव्हान, स्विकृती र ठेक्का दिने सम्बन्धी निर्णय प्रक्रियालाई छिटो छरीतो बनाउन वर्तमान आर्थिक नियमावलीहरुमा संशोधन गरिनेछ र अधिकारको विकेन्द्रीकरण गरी आयोजना कार्यान्वयनमा मुख्य जिम्मेवारी आयोजना प्रमुखलाई दिइनेछ ।

**(ख) सर्व साधारणको आर्थिक कठिनाई कम गर्ने :**

१६ आन्तरिक र वाह्य दुबै कारणहरुको फलस्वरुप बढ्दो मूल्य बृद्धिको चापबाट सर्वसाधारण जनताले भोग्नु परेको कठिनाई प्रति सरकार सजग छ । खाडी युद्ध, नेपाली रुपैयााको परिवर्त्य मुद्रासँगको विनिमय दरमा आएको गिरावट, छिमेकी मुलुकको मूल्य स्तर आदि मूल्य बृद्धिका बाह्य कारक तत्वहरु देखिएका छन् । वस्तु र सेवाहरुको आपूर्तिमा हुने गुटवन्दी (Cartel) प्रथा, कृत्रिम अभाव आदिको कारणहरुले पनि मूल्य बृद्धि भएको छ । यस्तो कृत्रिम अभाव हटाउन आवश्यक प्रशासनिक व्यवस्था गरिनेछ र गुटवन्दी व्यवस्था व्यापारिक सिद्धान्त प्रतिकूल भएको हुनाले यसको विरुद्ध कानूनी व्यवस्था गरिनेछ ।

१७ आपूर्ति व्यवस्था अपर्याप्त भएमा पनि मूल्य बृद्धि हुने भएकोले सर्वसाधारणका लागि अत्यावश्यक पर्ने वस्तुहरुको आपूर्ति बृद्धि गर्न सरकारले समयमा नै स्वदेशी र विदेशी श्रोतबाट यस्ता वस्तुहरुको खरिद गरी विक्री वितरण गर्ने नीति लिएको छ । यस संदर्भमा यो सरकार बहाली भएको केही दिन भित्र नै देशमा रासायनिक मलको कमीबाट किसानलाई पर्न गएका कठिनाइलाई ध्यानमा राखी तदारुकताका साथ भारतबाट तीस हजार मेट्रिक टन मलखाद पैठारी गर्ने व्यवस्था मिलाएको सर्व विदितै छ । मलखादको माग बढदै गएको सन्दर्भमा देश भित्रै मभ्कौला खालको मलखाद कारखाना खोल्ने तर्फ आवश्यक कदम लिइनेछ ।

१८ सरकार, उद्योग–व्यापारी र उपभोक्ता प्रतिनिधि बीचको वार्ताको थालनी भएको छ र सम्बन्धित सबै पक्षबाट मुल्य स्थिरता कायम राख्नु पर्ने आवश्यकता माथि सम्भ्कदारी भएको छ । आपूर्ति मन्त्रालयको संयोजकत्वमा अत्यावश्यक उपभोग्य वस्तुहरुको मूल्य अनुगमन कार्य भइरहेको छ । उपभोक्ताको हितलाई ध्यानमा राखी मूल्य बृद्धि हुने प्रबृत्ति नियन्त्रण गर्न सरकारले विभिन्न कदमहरु चाली रहेको छ र कृत्रिम मूल्य बृद्धि हुन नदिन सरकार विशेष जागरुक छ । तर नियन्त्रणमूलक अर्थ व्यवस्थामा अनेक विकृति उत्पन्न भई जनताले भ्कन्भ्कटको सामना गर्नु पर्ने स्थिति हुन जाने हुनाले प्रतिस्पर्धात्मक अर्थ व्यवस्थाको विकास गर्ने तर्फ सरकार मूलतः प्रयत्नशील रहनेछ ।

१९ नेपाली कागग्रेस सरकारमा आएदेखि नै जनतालाई राहत दिन विभिन्न कदमहरु अपनाई रहकै बखतमा हालै भारतीय मुद्राको ठूलो अवमूल्यनको फलस्वरुप नेपाली रुपैयाँमा भएको विनिमय दर समायोजनले गर्दा मूल्य बृद्धि घटाउने सरकारी प्रयासमा बाधा उत्पन्न भएको छ । साथै आगामी दिनहरुमा भारतले लिन सक्ने समायोजन कदमहरुको पनि प्रत्यक्ष प्रभाव हाम्रो अर्थ व्यवस्थामा नपरि रहन सक्तैन । यी प्रभावहरुको अनुगमन र अध्ययन गरी हाम्रो राष्ट्रिय अर्थ नीतिको समयमा नै समष्टिगत रुपमा पुनरावलोकन र समायोजन हुनुपर्ने आवश्यकता तर्फ सरकार सजग छ । यस सन्दर्भमा विचार गर्दा आगामी दिनहरुमा सरकारले अपनाउने आर्थिक नीतिहरुबाट आर्थिक कठिनाई पनि पर्न सक्नेछन्, तर कालान्तरमा स्वस्थ्य आर्थिक विकासको लागि भने अनुकूल प्रभाव पार्ने छ । नेपाली मुद्राको परिवर्त्य मुद्रासँग भएको अवमूल्यनबाट अहिले देखा पर्न लागेको आर्थिक कठिनाइलाई ध्यानमा राखी जनसाधारणको राहतका लागि प्रस्ताव गरिएका कर सम्बन्धी नीतिहरुको छुट्टै विवेचना गर्नेछु ।

२० हाल संचालन भै रहेका प्राथमिकता क्षेत्र कर्जा, साना किसान विकास आयोजना, सघन बैकिङ्ग र महिला विकास कार्यक्रमको प्रभावकारिताको विस्तुत अध्ययन गरिनेछ र विपन्न वर्गका लागि प्रवाहित हुने कर्जा कार्यक्रमलाई बढी जनमुखी र प्रभावकारी बनाउन आवश्यक देखिएमा एक छुट्टै निकाय स्थापना गरिनेछ ।

२१ निम्न आय भएका सर्वसाधारण जनताको बोझ हल्का गर्ने सरकारको नीति अनुरुप साना किसान विकास आयोजना, सघन बैकिङ्ग कार्यक्रम र ग्रामीण महिला विकास कार्यक्रम अन्तर्गत आर्थिक बर्ष २०४८।४९ भित्र दश हजार रुपैया सम्मको कर्जा प्रचलित ब्याजदरको एक तिहाई ब्याज अनुदान दिइनेछ । त्यस्तै ग्रामीण क्षेत्रमा सबैभन्दा विपन्न वर्गले गलैचा उद्योगको लागि उनी धागो काटने चर्खा र ऊन, हस्तकला सुक्ष्म रुपका सिलाई बुनाई, साना कृषि व्यवसाय जस्ता आयमूलक रोजगारीको निम्ति लिएको दुई हजार पाँच साय रुपैयाँसम्मको ऋणमा प्रचलित व्याजदरमा ८० प्रतिशत मिन्हा गरिनेछ । यसबाट आयमूलक रोजगारीको अवसर मिल्नुका साथै निर्यातमूलक उद्योगहरुलाई पनि केही सघाउ पुग्न जाने छ । ब्याजमा दिइने अनुदानको व्ययभार सरकारले व्यहोर्ने छ ।

२२ बन जंगलको अव्यवस्थित रुपमा गरिएको फडानीबाट वातावरण, भू–क्षयको अतिरिक्त काठ दाउरा आपूर्तिको कमीले विशेष रुपमा ग्रामीण क्षेत्रलाई प्रभावित गरेको छ । बैकल्पिक उर्जा विकासको क्रममा ग्रामीण विद्युतीकरणको थालनी भइसकेको छ तापनी अल्पकालीन अवधिमा यस क्षेत्रबाट प्रभावकारी रुपमा योगदान पुग्न नसक्ने हुनाले गोबर ग्याँस कार्यक्रमलाई ग्रामीण परिवारहरुको पहुँच भित्र पुऱ्याउनका लागि आगामी बर्षमा ग्रामीण क्षेत्रमा निर्माण गरिने बीस घन मिटर सम्मको प्रत्यके गोबर ग्याँस संयत्र निर्माणको लागि सात हजार रुपैयाँ पूँजी अनुदान दिने व्यवस्था मिलाइएको छ । साथै सामुदायिक र विकट क्षेत्रम स्थापना गर्ने संयन्त्रहरुलाई माथि उल्लेखित अनुदानको अतिरिक्त तीन हजार रुपैया थप पूँजी अनुदान उपलब्ध गराइने छ ।

२३ गुठी जग्गाको सम्बनधमा मोहीहरुलाई परेको कठिनाई प्रति सरकार सजग छ । परम्परा देखी चल्दै आएको धार्मिक, सामाजिक र सांस्कृतिक कार्यहरुमा खलल नपारी मोहीलाई जग्गा धनीको अधिकार दिलाउन, गुठी अधिनस्थ (राजगुठी अन्तरगतका) देश भरीका जग्गाहरुमा मोहीबाट तिरोको आधारमा रकम लिई मोहीलाई नै जग्गा धनी बनाउने कार्यक्रम आगामी आर्थिक बर्ष देखि लागु गरिने छ । यो व्यवस्था जग्गामा द्वैध स्वामित्व प्रथा क्रमशः अन्त्य गर्ने कार्यक्रमका शुरुआतको रुपमा लिएको छु ।

२४ सुकुम्बासीहरुलाई बसोबासको व्यवस्था गर्न हाल सरकारको अधिनमा रहेका जमीन मध्ये बन क्षेत्रलाई छुट्याई वास्तविक सुकुम्बासीहरुको पहिचान गरी योजनाबद्ध ग्रामीण आवासको निम्ति जग्गा उपलब्ध गराइनेछ ।

२५ निरपेक्ष गरीवीको रेखामुनी रहेका जनताहरुलाई सरकारबाट संचालित विकास कार्यक्रमहरुमा रोजगारीको अवसर प्रदान गर्नयस्ता परिवारहरुको पहिचान गरी उनीहरुलाई रोजगारी दिने कार्यक्रममा प्राथमिकता दिइनेछ ।

**(ग) निजी क्षेत्रको सहभागिता बृद्धि गराउने**

२६ निजीक्षेत्रको उद्यमशीलता, परिश्रम, विवेक, शीप तथा कार्यदक्षताको अधिकतम उपयोग नभै देशको आर्थिक विकास दर तीब्र हुन सक्ने कुरा आज विश्व भरिको अनुभवले देखाएको छ । तसर्थ पहिले नियोजित अर्थ व्यवस्थामा विश्वास गर्ने मुलुकहरु पनि अब बजोरोन्मुखी अर्थ व्यवस्था तर्फ लम्किरहेका छन् । नेपालमा पनि सरकारी क्षेत्रमा विद्यमान कार्यदक्षताको स्तर र अहिलेसम्मको अनुभवले यो आवशयकताको पुष्टि गर्दछ ।

२७ सरकारी संस्थानहरुमा अहिले तीन अरब रुपैया भन्दा बढीको शेयर लगानी र ७ अरब रुपैयाँ भन्दा बढीको ऋण लगानी छ । यो ठूलो लगानीबाट प्राप्त हुने लाभांश र ब्याज नगण्य छ । कतिपय संस्थानहरु सरकारी अनुदान नभै चल्न सक्ने अवस्थामा छैनन् । सरकारी उद्योगहरुको क्षमता उपयोग पनि सन्तोषजनक छैन । सरकारले संस्थानहरुमा गरेको लगानीमा गतबर्ष केवल रु.१ करोड २४ लाखको लाभांश प्राप्त गऱ्यो जुन कुल गानीको ०.१ प्रतिशत मात्र हो । आर्थिक बर्ष २०४६।४७ मा जम्मा ६४ सरकारी संस्थानहरु मध्ये २७ वटा संस्थानहरु घाटामा थिए र त्यस बर्षको कूल घाटा रु.७९ करोड ६९ लाख थियो ।

२८ यस पृष्ठभूमिमा हेर्दा सरकारी उद्योग तथा अन्य संस्थानहरुमा सरकारी भूमिका कम गर्दै लगी सरकारी व्ययभार र व्यवस्थापन भार घटाउने र यस्ता क्षेत्रहरुमा निजी क्षेत्रलाई क्रमशः सहभागी बनाउँदै लैजानु पर्ने एकातिर स्पष्ट छ भने अर्को तर्फ सरकारले आफ्नै स्वामित्व र व्यवस्थापनमा राख्नु पर्ने जन उपयोगी (Public Utility) संस्थानहरुको व्यवस्थापन सुधार गर्नु पर्ने पनि उत्तिकै जरुरी छ। सरकारी संस्थानहरुको निजीकरण तथा व्यवस्थापन सुधार सम्बन्धमा विभिन्न अध्ययनहरु भैसकेका छन्। यी अध्ययनहरु र नीजिकरण सम्बन्धमा प्रचलित विभिन्न पद्धतिहरुको विश्लेषण गरी नेपालको लागि एक उपयुक्त निजीकरण कार्यक्रम तयार पारी आगामी बर्षमा तीन ओटा सरकारी संस्थानहरु र पाँच वटा सरकारी कृषि फार्महरुलाई निजीकरण गरिनेछ। निजीकरण कार्यक्रम बनाउँदा यस्ता संस्थानहरुमा कार्यरत कर्मचारीहरुको हित र संरक्षण तर्फ विशेष ध्यान दिइनेछ।

२९ सरकारी क्षेत्रमा रहने संस्थानहरुको कृयाकलापको अनुगमनको साथै व्यवस्थापनलाई सुदृढ बनाउन, सक्षम व्यवस्थापकहरु, अनुभवी तथा दक्ष संचालकहरुको संचालक समितिमा चयन गराउन र संस्थानहरुको उत्पादन लागत तथा सेवा मूल्यमा निगरानी राख्नको निम्ति उपयुक्त संस्थागत व्यवस्था मिलाइने छ।

३० आर्थिक विकासमा निजीक्षेत्रलाई बढी सक्रिय बनाउने नीति अनुरुप नीजिक्षेत्रको पूर्ण स्वामित्वमा वित्त कम्पनी लगायत बाणिज्य बैक समेत खोल्न अनुमती दिइने छ। यस कदमले आन्तरिक बचत परिचालनमा बृद्धि आउनुको साथै वित्तिय कारोवारमा बढी प्रतिस्पर्धा आउनुको साथै बैकिङ्ग क्षेत्रको कार्यदक्षतामा बृद्धि हुन गई बैकहरुको क्रियाकलाप छिटो छरितो र ग्राहकोन्मुख बन्नेछ भन्ने विश्वास लिइएको छ।

३१ विदेशी मुद्राको सम्बन्धमा पनि समायानुकूल सुधार गरिने दृष्टिले व्यवसायिक श्रोत लगायत अन्य आधिकारिक श्रोतहरुबाट नेपाली नागरिकहरुले आर्जन गरेको विदेशी मुद्रालाई विना कुनै बन्देज नेपाली बैंकहरुमा खाता खोल्न र कारोवार गर्न दिइनेछ। यस व्यवस्थाले नेपालीहरुले आर्जन गरेको विदेशी मुद्रा देशको संस्थागत परिवेश भित्र आउन प्रोत्साहन मिल्नेछ र देशका परिवर्त्य मुद्राको संचिति बढ्नेछ।

३२ झिटीगुण्टा सुविधाको दुरुपयोग गरिएको देखिएकोले झिटीगुण्टा व्यवस्थामा सुधार गरिएको छ। साना व्यापारीहरुलाई व्यापर प्रक्रियाको मूलधारामा समेट्नको लागि केही निश्चित सामानहरु पैठारी गर्न लाईसेन्स उपलब्ध गराउनुको साथै बोलकबोल प्रणाली अन्तर्गत विदेशी मुद्रा उपलब्ध गराउने प्रबन्ध मिलाइने छ। विदेश भ्रमणमा जाने नेपालीहरुलाई दिइ आएको विदेशी मुद्रा सटही सुविधामा बृद्धि गरिनेछ। आयात लाईसेन्सको लागि प्रचलित व्यवस्थामा हुने झन्झट र ढिलाईलाई ध्यानमा राखी व्यक्तिगत प्रयोगको लागि ल्याइने वस्तुहरुको लाइसेन्स त्रिभुवन विमान स्थलमानै सरल ढंगबाट दिइने व्यवस्था मिलाइनेछ।

३३ परिवर्त्य विदेशी विनिमय भुक्तानीको आधारमा निकाशी हुने वस्तुहरु मध्ये उनी गलैचा, तैयारी पोशाक र चाँदीका गहना बाहेक अन्य सबै स्वदेशी वस्तुहरुको निकाशीमा प्रचलित न्यूनतम मूल्याङ्कन प्रथालाई सरलीकरण गरी ब्यापार प्रवर्द्धन केन्द्रले तोकेको निकाशी मूलयलाई नै मान्यता दिइने छ। यस व्यवस्थाबाट निकाशी कर्ताहरुलाई अन्तरराष्ट्रिय बजारमा मूल्य परिवर्तन अनुरुप र देशमा हुने खर्च अनुसारको मूल्यमा बराबर परिवर्तन परि रहनु पर्ने प्रक्रियागत झन्झटबाट ठूलो राहत मिल्नेछ।

३४ निर्यात प्रवर्द्धनको लागि आगामी आर्थिक बर्षमा निर्यात प्रवर्द्धन क्षेत्रको निमित्त प्रारम्भिक कार्यहरु (जग्गा खरिद लगायत पूर्व निर्माण कार्यहरु) शुरु गरिने छन्। निर्यात व्यापार प्रक्रियामा सरलीकरण गरिनेछ।

३५ नेपालमा विदेशी लगानीकर्ताहरुलाई आकर्षित गर्ने अभिप्रायले उनीहरुलाई प्रदान गरिने सबै प्रकारको सेवाहरु र सहुलियत एक निकाय मार्फत दिइने व्यवस्था मिलाउन एक द्धार प्रणाली अझै पनि स्थापना हुने सकेको छैन। यो प्रणालीलाई आगामी आर्थिक बर्ष भित्र नै स्थापना गरी प्रभावकारी रुपबाट संचालन गर्न आवश्यक प्रशासनिक तथा कानूनी व्यवस्था मिलाइने छ। यो व्यवस्थाबाट विदेशी लगानी कर्ताहरुलाई बढी सुविधा पुग्ने छ भन्ने विश्वास लिइएको छ।

३६ औद्योगिक इजाजत पत्र लिन लामो समय लाग्ने भएकोले लगानी कर्तालाई औद्योगिक लगानीमा प्रोत्साहन दिन विदेशी मुद्राको संचितिलाई समेत ध्यानमा राखी कूल कच्चा पदार्थको ५० प्रतिशत भन्दा कमका लागि परिवर्त्य मुद्रा चाहिने उद्योगहरुलाई इजाजत पत्र लिन नपर्ने व्यवस्था गरिनेछ। यस व्यवस्थाबाट वास्तवमा बढी स्वदेशी कच्चा पदार्थको उपयोग गर्ने उद्योग संख्यामा बृद्धि हुन गै अर्थतन्त्रमा अनुकूल प्रभाव पर्नेछ।

३७ परिवर्त्य मुद्राको विनिमय दरमा भएको परिवर्तनबाट सरकारी तथा गैर सरकारी क्षेत्रका संस्थान तथा उद्योगहरुलाई पर्न सक्ने दुरगामी प्रभावहरुलाई दृष्टिगत गरी त्यस्ता संस्थान तथा उद्योगहरुले बैदेशिक ऋण रकम तत्कालै भुक्तानी गर्न चाहेमा आवशयक विदेशी मुद्राको सटही सुविधा उपलब्ध गराइनेछ।

३८ विनिमय दरको परिवर्तनबाट अर्थ व्यवस्थाले वाञ्छित लाभ हासिल गर्न आगामी दिनहरुमा आर्थिक स्थिरतामा जोड दिनु पर्ने हुन्छ। यसको लागि आन्तरिक साधनको अधिकतम परिचालन गर्ने, पूँजीको कुशलतामा बृद्धि गर्ने, समाजका विपन्न

वर्गको आर्थिक उत्थानको लागि उत्पादनशील तथा प्राथमिकता प्राप्त क्षेत्रतर्फ कर्जा प्रवाहमा बृद्धि गर्ने तथा मौद्रिक विस्तारको दरलाई वाञ्छित सीमा भित्र राखी आन्तरिक तथा वाह्रय सन्तुलन कायम गर्ने उद्देश्य अनुरुपको मौद्रिक नीति अवलम्बन गरिनेछ । देशको समग्र आर्थिक क्रियाकलापमा सकारात्मक प्रभावपार्न बैकिङ्ग तथा वित्तीय क्षेत्रको सुधार गर्ने क्रम अगाडि बढाइनेछ । अर्थतन्त्रलाई प्रतिस्पर्धात्मक बनाउँदै लैजाने सरकारको नीति अनुरुप एक मध्यावधिक आर्थिक कार्यक्रम तर्जुमा गरिनेछ । यसै क्रममा हालको वित्तीय,कृषि, उद्योग, व्यापार जस्ता नीतिहरुको पुनरावलोकन गरी प्रचलित एने नियमहरुमा आवश्यक संशोधन गरिनेछ ।

**(घ) प्रशासनिक खर्च र विकास लगानीको बीच विवेकशील सन्तुलन कायम गर्ने ।**

३९ विगतमा सरकारी कार्यालयहरुमा भएको ठूलो विस्तारबाट प्रशासनिक खर्च धान्नै नसक्ने गरी बढेको छ । यसैगरी विगत वर्षहरुमा लिइएको वाह्य तथा आन्तरिक ऋणको फलस्वरुप साँवा ब्याज भुक्तानीको भार पनि दिन प्रति दिन बढ्दो छ । हाल यो ऋणभार साधारण खर्चको ३१ प्रतिशत रहेको छ र आगामी दुई बर्ष पछि केही आन्तरिक ऋणको साँवा भुक्तानी गर्नु पर्ने अवधि शुरु हुने भएकोले ५० प्रतिशतसम्म पुग्न जाने देखिन्छ । खर्चको यो वर्तमान बनोट सन्तोषजनक नभएको मात्र होइन सालवासली खर्चमा बढ्दै गएको सरकारी दायित्वले हाम्रा विकाश लगानीको संभावनालाई समेत सीमित पारेको छ । राजश्व बृद्धिबाट उठेको रकम सालबसाली खर्च मै लगाउनु परेपछि विकाशको लागि आन्तरिक श्रोतको बचत नगण्य हुन्छ । अहिले धेरैजसो सरकारी कार्यालयहरु केन्द्रमा नै स्थापना भएका छन् । विकासका नाममा सञ्चालित कैयौं कार्यालयहरुको औचित्य स्पष्ट देखिदैन । तसर्थ यस्ता अनुत्पादक र अनावश्यक प्रशासनिक खर्चहरुमा नियन्त्रण ल्याउन सरकारी खर्चको व्यवस्थापन सम्बन्धमा चाँडै नै विस्तृत अधययन गरिनेछ । त्यसको आधारमा निश्चित समयावधि भित्र लागु हुने गरी कर्मचारी हित संरक्षणलाई ध्यानदिई एक प्रशासनिक सुधार कार्यक्रमको तर्जुमा गरी सोही अनुरुप आगामी बर्षदेखि नै कार्यान्वयन गरिनेछ ।

४० विदेशी स्थित नेपाली नियोगहरुको सञ्चालन खर्चमा भएको बृद्धिलाई दृष्टिगत गरी यस्ता नियोगहरुमा हालको कर्मचारी दरबन्दी माथि पूनरावलोकन गरी खर्चमा कटौति गरिनेछ ।

४१ सरकारी संस्थानहरुलाई तोकेको खास कार्यको लागि दिइने निश्चित रकम बाहेक अनुदान नदिने नीति अपनाई संस्थान तर्फको सरकारी खर्चमा कटौती गरिएको छ ।

४२ देशको अर्थतन्त्रको स्थिति ज्यादै नाजुक रहेको परिस्थितिमा कर्मचारीहरुको भौतिक सुविधामा बृद्धि गर्ने संभावनाको खोजी गरी सरकारलाई सुझाव दिन पे–कमिशनको गठन चाँडैन गरिनेछ ।

४३ सरकारी सीमित साधन, ब्याज र विनिमयदरमा भएको परिवर्तन, मूल्य बृद्धिबाट बजेटमा पर्न गएको चाप र जनताले भोगी राखेको कठिनाईलाई दृष्टिगत गर्दा अनावश्यक सरकारी खर्चमा कटौती गरी न्यून वित्तलाई कूल गार्हस्थ्य उत्पादनको ९.२ प्रतिशत र आन्तरिक ऋणलाई १.८ प्रतिशतमा राख्ने लक्ष अपनाइएको छ ।

**(ङ) राजश्व प्रशासन सुदृढ गर्ने**

४४ आन्तरिक साधनको परिचालनमा बृद्धि ल्याउन राजश्व बढाउनु जरुरी छ । तर करहरुको दर बृद्धि गर्दैमा वा नयाँ करहरु लगाउँदैमा राजश्व बृद्धि हुन्छ भन्न सकिदैन । प्रस्तावित बजेटमा राजश्व बृद्धिका लागि प्रशासनिक सुदृढीकरण र नीतिगत सुधारमा जोड दिइएको छ । कर व्यवस्थामा सुधार ल्याउन करहरुलाई बढी सरल र व्यावहारिक बनाई करको निर्धारणमा हचुवा प्रशासनिक निर्णय (Discretionary Measure) लाई कम गर्ने र संगठनात्मक सुधार गर्ने तर्फ विभिन्न कदमहरु चालिने छन् । राजश्व प्रशासनलाई तालिम प्राप्त कर्मचारीहरुद्वारा मात्र संचालन गराउन, पेशागत रुपमा दक्षता बढाउन र अन्य क्षेत्रबाट राजश्व प्रशासनमा सरुवा हुने दवाव कम गर्न राजश्व प्रशासनमा कर्मचारी नियुक्ती सम्बन्धी वर्तमान परिपाटीको अन्त्य गरी यसका लागि छुट्टै राजश्व समूह आगामी आर्थिक बर्षभित्र गठन गरी राजश्व प्रशासनको सुदृढीकरण गरिनेछ ।

४५ कर निर्धारण सम्बन्धी स्पष्ट निर्देशिका तैयारी गरी त्यसैको आधारमा कर निर्धारण गरिनेछ । त्यस्तै लेखामा आधारित कर निर्धारण पद्धति शुरु गर्न आवश्यक कदमहरु चालिने छन् । कर प्रशासनलाई समयानुकूल, सक्षम र दक्ष बनाउन आगामी आर्थिक बर्ष देखि कर विभाग तथा काठमाडौ कर कार्यालयमा कम्प्यूटर प्रणालीको विस्तार गरिनेछ ।

४६ कर तिर्न सक्ने अधिकाँश व्यक्तिहरु करको दायरा भित्र नरहनु सामाजिक र आर्थिक विसंगति हो । यही विसंगतिले गर्दा करको दायरा साँघुरो छ र राजश्वमा आउनु पर्ने बृद्धि आएको छैन । यस अवस्थाको अन्त्य गर्न विशेष कार्यक्रम शुरु गरिनेछ । यस कार्यक्रम अन्तर्गत नयाँ करदाताहरु पत्ता लगाउन कर प्रशासनलाई सक्रिय बनाई स्थानिय गैह्र सरकारी निकायहरु समेतको सहयोग लिइनेछ । आवश्यक देखिएमा यी निकायहरुको प्रतिनिधित्व भएको टोली गठन गरी साना करदाताको सम्बन्धमा घर दैलोमा नै (On the Spot) कर निर्धारण गरिनेछ । कर छलेको भनी ठहराइएको करदाताहरुबाट कर निर्धारण गरी तुरुन्त नै कर असूल गरिनेछ । घर जग्गा करदाता र वहाल करदाताको विवरण संकलन र कर निर्धारणको लागि कर कार्यालयबाट एक छुट्टै टोली बनाई तुरुन्त काम शुरु गरिनेछ ।

४७ आयकर बुझाउनु पर्ने कर्तव्य भएका सबैलाई आफ्नो दायित्व प्रति जागरुक भई करदाताको रुपमा आफूलाई कर कार्यालयमा दर्ता गराई उच्च मनोबल राख्ने दृष्टिकोणले आगामी आर्थिक बर्षको पौष मसातसम्ममा दाखिल गराउन बाँकी आय विवरण दाखिल गराई खुल्ला रुपमा दर्ता गराइने व्यवस्था गरिनेछ । उक्त समयभित्र विवरण दर्ता गराउने व्यक्ति तथा फर्मलाई कुनै किसिमको दण्ड, जरिवाना लगाइने छैन । एक लाख रुपैयाँसम्म बार्षिक आय भएका व्यक्तिहरुको आयकर निर्धारण पेश भएको विवरणको आधारमा गरिनेछ । तर उक्त अवधिभित्र आय विवरण पनि दाखिल नगर्ने कर कार्यालयमा दर्ता पनि नगर्ने करदाताहरुलाई कडा कानूनी कारवाही गरी असूल गरिनेछ ।

४८ आयकरमा दर्ता नभएका व्यक्ति वा पार्टीसँग सरकारी संस्थानहरु लगायत कुनै पनि सरकारी निकायले खरिद, विक्री, परामर्श सेवा लगायत कुनै पनि कारोवार नगर्ने व्यवस्था गरिनेछ ।

४९ हालसम्म पेश भएका तर फछ्यौंट गर्न बाँकी आय विवरणहरु २०४८ पौष मसान्तसम्म फछ्यौंट गरी सक्नु पर्ने व्यवस्था गरिनेछ । कर फछ्यौंट र संकलनमा ढिलाई आउन नदिन आय विवरण पेश भएको तीन महिना भित्र नै कर कार्यालयले फछ्यौंट गर्नु पर्ने कानूनी व्यवस्था मिलाइनेछ । त्यस्तै वक्यौता कर तदारुकताका साथ असूल गर्नको लागि पनि तुरुन्तै एक कार्यक्रम बनाई २०४८ आषाढ मसान्त सम्मको बक्यौता लगतको आधारमा कर असूल गर्ने अभियान चलाइने छ । आयकर, विक्रीकर, अन्तशुल्क र होटेल कर अन्तर्गत तिर्नुपर्ने बक्यौता रकम आगामी आश्विन मसान्त भित्र बुझाएमा त्यसमा लाग्ने शुल्क र जरिवाना मिन्हा गरिनेछ ।

५० आगामी आर्थिक बर्ष देखि पारिश्रमिक आय, घरजग्गा बहाल आय, सेक्यूरिटी खरिद विक्री केन्द्रमा सूचीकृत भएका वा सूचीकृत नभएको भएतापनि पब्लिक लिमिटेड कम्पनी वा संस्थाको रुपमा स्थापना भएका कम्पनी वा संस्थाहरुको आयमा करदाताले नै स्वयं कर निर्धारण प्रक्रियाको आधारमा आफैले कर निर्धारण गरी आयकर दाखिला गर्ने व्यवस्था लागु गरिनेछ । यसरी कर निर्धारण भएकोमा कर कार्यालयले नै कर निर्धारण गरेको सरह मानिने छ तर कर कार्यालयबाट यस्ता करदाताको समय समयमा छानविन गरिनेछ र कर छलेको प्रमाणीत भएमा छलिएको प्रमाणीत भएजति करमा शत प्रतिशत जरिवाना गरी असूल उपर गरिनेछ ।

५१ हाल विभिन्न विभाग र कार्यालयहरुले राखी आएको तथ्याङ्क र जानकारी एक अर्को निकार्यसँग भिडाउन र मिलाउन नसक्दा औद्योगिक स्थितिको यथार्थ जानकारी प्राप्त गर्न समस्या परिरहेको मात्र होइन यसबाट राष्ट्रलाई के कति राजश्व प्राप्त हुनु पर्ने हो र कति प्राप्त भएको छ त्यो थाहा पाउन पनि सजिलो छैन । यो अवस्थामा सुधार ल्याउन आगामी बर्ष देखि कम्प्यूटरको माध्यमबाट केन्द्रिय एकीकृत सूचना प्रणालीको व्यवस्था गरिनेछ । यस प्रणाली अन्तरगत व्यापारिक, औद्योगिक एवं सुविधा सम्बन्धी आयात, परिवर्तित मुद्रा उपलब्ध गराएको विवरण, कर छुट पाएको विवरण, तथा उद्योगको कच्चा पदार्थ उपयोग उत्पादन दर (Input Outpur Ration) जस्ता प्रमुख तथ्याङ्कहरु राखिने छ र सम्बन्धित विभागहरुलाई उपलब्ध गराइने छ । सूचना प्रणालीको यथार्थ जानकारीको आधारमा कर नीतिहरु र त्यसको प्रभावकारिता बारे निरन्तर अनुगमन तथा मूल्याङ्कनको व्यवस्था गरिनेछ ।

५२ औद्योगिक उत्पादन तथा बैदेशिक ब्यापारमा भएको अभिबृद्धिले गर्दा राजश्व संकलनमा विक्रीकर उल्लेखनीय रुपले बृद्धि भइरहेको छ । यस परिप्रेक्ष्यमा वर्तमान विक्रीकर प्रशासनलाई कर विभागमा राखी राख्न वाञ्छनिय नभएकोले आगामी आर्थिक बर्ष भित्र विक्री करको लागि एउटा छुट्टै विभाग खडा गरिनेछ । यस व्यवस्थाबाट विक्रीकरको प्रशासन बढी सक्रिय एवं प्रभावकारी तथा केन्द्रीभूत भई राजश्व परिचलनको साथै विक्री कर दाता समेतलाई यसबाट ठूलो मद्दत मिल्नेछ ।

५३ राजश्व सम्बन्धी प्रस्तावित अन्य नीतिगत सुधारहरुको विवेचना पछि छुट्टै गर्नेछु ।

**आर्थिक बर्ष २०४८।४९को व्यय अनुमान र त्यसमा निहित कार्यक्रम**

५४ मैले माथि उल्लेख गरे बमोजिमका नीति र नीतिगत कार्यक्रमको कार्यान्वयनबाट उत्पादन बृद्धि भई अर्थ व्यवस्थामा स्थिरता आउने र ग्रामीण क्षेत्रका गरीब,साना र विपन्न वर्गका जनताको रहन–सहनमा सुधार आउनेछ भन्ने विश्वास लिएको छु ।

५५ आगामी बर्षको कार्यक्रमहरुको लागि साधनको बाँडफाँडल गर्दा मैले अनुभव गरेका वाध्यताहरु बारे संक्षेपमा उल्लेख गर्न चाहन्छु । हाल हाम्रो उत्पादनशीलता एकातिर ज्यादै न्यून रहेको छ भने सालवसाली खर्चमा भएको बृद्धिले गर्दा अर्कोतिर विकाशको निम्ति उपलब्ध पूँजी पनि ज्यादै कम छ । पूँजी गलानीको अनुपातमा उत्पादन बृद्धि (क्ष्लअचभ्मभलतबा ऋबउष्तबा त्तगतउगत च्बतष्य्ल) करीब ४.५ रहेको छ । साधारण खर्चमा प्रति बर्ष १८.२ प्रतिशतले बृद्धि हुँदै गएकोले आन्तरिक राजश्वको बचत ज्यादै कम छ । विकास खर्चमा पनि तलब र अन्य सेवाहरुले ३२ प्रतिशत मात्र उपयोग हुन सक्छ । विदेशी सहायताबाट संचालित विकास आयोजनाहरुको निम्ति सरकारले व्यहोर्नु पर्ने हिस्सा पनि पुरा रुपले व्यवस्था गर्न कटिनाई परिराखेको छ । यसले गर्दा विदेशी सहायतको उपयोग समयमा नै गर्न नसकिने तथा आयोजनाहरुको लागतमा बृद्धि हुन गई राष्ट्रले ठूलो नोक्सान व्यहोर्न पर्ने तथ्यलाई खर्चको बाँडफाँड गर्दा मैले ध्यान दिएको छु । यीनै वाध्यताले गर्दा जनताको बढ्दो आँकाक्षालाई यो बजेटले आशातीत रुपले समेट्न नसकेको पनि हुन सक्छ ।

५६ बढ्दो प्रशासनिक खर्च, साावा ब्याजको भुक्तानी र सीमित सरकारी आयले गर्दा विकास कार्यक्रमहरुलाई एकातिर विस्तार गर्न सकिएको छैन भने अर्कोतिर समयको अभावले गर्दा चालु कार्यक्रमहरुको विश्लेषण गरी अनुत्पादक आयोजनाहरु र कार्यालयहरुलाई कटौती पनि गर्न सकेको छैन । अर्थ व्यवस्थालाई सन्तुलनमा राख्न सरकारी खर्चको न्यून (Deficit) लाई कूल राष्ट्रिय गार्हस्थय उत्पादनको १.८ प्रतिशत भित्र राखी जनतालाई दिएको प्रतिवद्धताको आधारमा न्यायोचित तरीकाबाट खर्चको बाँडफाँड गरी आर्थिक दिशाबोध गर्ने प्रयास गरेको छु । उपलब्ध साधनको बाँडफाँड गर्दा ग्रामीण क्षेत्रतर्फ ७० प्रतिशत विकाश खर्च प्रवाहित गर्ने तर्फ विशेष प्रयास गरेको छु ।

५७ आगामी बर्षको लागी सरकारी कूल खर्च जम्मा रु.२६ अरब ६४ करोड ९ लाख हुने अनुमान प्रस्ताव गरेको छु जसमध्ये साधारण तर्फ रु.९ अरब ७४ करोड ५८ लाख र विकास बजेट तर्फ रु.१६ अरब ८९ करोड ५० लाख खर्च गर्ने प्रस्ताव राखेको छु । विभिन्न शिर्षकहरुमा हुने खर्चको विस्तृत विवरण अनुसूची ३ र ४ मा र बजेट विवरणको किताबमा दिएको छु । मुख्य मुख्य क्षेत्रमा साधारण र विकास बजेटबाट हुने खर्च र कार्यक्रम संक्षेपमा यहाँ उल्लेख गर्दछु ।

५८ साधारण बजेटमा सालबसाली खर्चहरु पर्ने हुँदा ब्याज र विनिमय दरमा भएको ठूलो परिवर्तन र मूल्य बृद्धिका कारणले गर्दा कटौती गर्ने त्यति गुन्जायस छैन । साधारण तर्फ तलब भत्तामा रु.२ अरब ८० करोड ५ लाख व्यवस्था गरेको छु । साँवा ब्याज भुक्तानी चालू बर्षको रु.२ अरब ४७ करोड ३१ लाखबाट आगामी बर्ष रु.३ अरब ७९ करोड ७१ लाख पुग्न गएको छ । यो साधारण बजेटको ३९ प्रतिशत र राजश्वको ३०.७ प्रतिशत हुन आउँछ । शाही सेनाको निम्ति रु.१ अरब ४२ करोड ९६ लाख प्रस्ताव राखेको छु । देशमा अमनचयन कायम गर्न शान्ति सुरक्षाको विश्वास जनतामा जगाउनु पर्ने आजको आवश्यकतथालाई र मूल्य बृद्धिलाई समेत मनन गरी शान्ति सुरक्षाको निम्ति प्रहरी तर्फ रु.१ अरब १५ करोड ९८ लाख खर्च गर्ने प्रस्ताव गरेको छु ।

५९ राष्ट्रिय उत्पादनमा स्थायित्व ल्याई वितरण प्रणालीमा समाजका तल्लो तहलाई समेत समेट्ने गरी सुधार कसरी ल्याउने भन्ने प्रश्न नै आज हाम्रो सामु चिन्ताको बिषय हुन आएको छ । तसर्थ आगामी बर्षहरुमा हाम्रो सम्पूर्ण प्रयास सरकारले अपनाएको विभिन्न नीतिहरु कटिवद्धताका साथ कार्यान्वयन गरी अर्थतन्त्रलाई गतिशील बनाउने र संचालित विकास आयोजनाहरु समयमा नै सम्पन्न गरी त्यसबाट प्रत्यक्ष लाभ सर्वसाधारण जनताले पाउने तर्फ नै केन्द्रित हुनेछ । ग्रामीण क्षेत्रका जनता बढी लाभान्वित हुने किसिमले उच्च आर्थिक बृद्धिदर प्राप्ति गर्ने किसिमका कार्यक्रमहरुलाई नै प्राथमिकता साथ संचालन गरिनेछ । आगामी आर्थिक बर्षमा राष्ट्रिय उत्पादन बृद्धिदर ४.६ प्रतिशत हासिल गर्ने लक्ष्य अनुरुप कृषि उत्पादन ३.५ प्रतिशत औद्योगिक उत्पादन २० प्रतिशत र अन्य क्षेत्रमा ४.३ प्रतिशतले बृद्धि गर्ने लक्ष्य राखिएको छ ।

६० विकास तर्फ विभिन्न क्षेत्रमा हुने मुख्य मुख्य कार्यक्रमहरु र व्ययको अनुमान विवरण संक्षेपमा निम्न बमोजिम प्रस्ताव गरेको छु ।

६१ कृषकहरुलाई समयमा नै उन्नत प्रविधि, मलखाद, उन्नत जातको विउविजन, सिचाई सुविधा, पशु स्वास्थ्य औषधी, कृषि ऋण जस्ता आधारभूत सेवाहरु र सामाग्री उपलब्ध गराउन पर्याप्त रकमको व्यवस्था गरेको छु । कृषि अनुसन्धान प्रभावकारी रुपबाट संचालन गर्न कृषि अनुसन्धान परिषद्को स्थापना भएको छ । यसको लागि रु.११ करोड ५६ लाख छुट्याइएको छु । त्यस्तै कृषि प्रसार सेवालाई एकै थलोबाट कृषक समक्ष पुऱ्याउन रु.२३ करोड ९९ लाखको व्यवस्था गरेको छु । मलखादको आपूर्ति समयमै उपलब्ध गराउन रु.६१ करोड छुट्याएको छु । मलखादको मूल्य तथा ढुवानीमा अनुदान दिने व्यवस्था गरेको छु । कृषकले लिएको कर्जामा दिइने ब्याज अनुदानको निम्ति पनि रकमको व्यवस्था गरेको छु । कृषि बजार विकास कार्यक्रमको लागि रु.३ करोड २४ लाख छुट्याएको छु भने खाद्यान्न खरिद विक्री वितरणको निम्ति रु.१४ करोड व्यवस्था गरेको छु । दुर्गम जिल्लाहरुमा वितरण हुने खाद्यान्नको ढुवानीमा अनुदान दिने नीति अपनाएको छु ।

६२ स–साना सतह सिचाई कार्यक्रमहरु, भूमिगत सिंचाई कार्यक्रमहरु बैंकहरुको ऋण सहयोगमा संचालन गर्न विशेष जोड दिएको छु । सुनसरी–मोरङ्ग, नारायणी, भैरहवा–लुम्बिनी, महाकाली सिंचाई आयोजनाहरु समयमा नै सम्पनन गर्न पर्याप्त रकमको व्यवस्था गरेको छु भने आयोजना कार्यान्वियनको शुरुदेखि नै कृषकहरु सहभागी हुने सिंचाई कार्यक्रमहरुको लागि रु.३३ करोड ६७ लाख व्यवस्था गरेको छु । मर्मत तथा संभारको लागि रु.६ करोड ९२ लाखको व्यवस्था गरेको छु ।

६३ खानेपानी तर्फ कार्यक्रम तर्जुमा गर्दा ग्रामीण क्षेत्रका जनताले भोगी राखेको शुद्ध खानेपानीको समस्या प्रति सरकार पूर्णरुपले परिचित छ । तसर्थ स्वच्छ पिउने पानी ग्रामीण क्षेत्रमा पुऱ्याउने तर्फ ध्यान दिइएको छ । यस कार्यक्रममा जनताको प्रत्यक्ष सहभागिता समेत बढाउने नीति अनुरुप रु.८४ करोड ५० लाख खर्च गर्ने प्रस्ताव राखेको छु । त्यस्तै शहरी क्षेत्रको खानेपानी आपूर्तिमा देखा परेका समस्यालाई दृष्टिगत गरी वितरण प्रणालीमा समेत सुधार ल्याउन नयाँ आयोजना संचालनको निम्ति आवश्यक रकमको व्यवस्था गरेको छु ।

६४ यातायातको विकासको लागि रु.२ अरब ८८ करोड २४ लाख खर्च गर्ने प्रस्ताव राखेको छु । राष्ट्रिय स्तरका विभिन्न सडक आयोजनाहरु समयमै सम्पन्न गर्न आवश्यक रकमको व्यवस्था गरेको छु भने केही जिल्लाहरुको सदरमुकाम जोड्ने सडकको लागि रु.१६ करोड ९३ लाख विनियोजन गरिको छु । जनताको सहभागीताबाट संचालन हुने ग्रामीण क्षेत्रका

सडकहरुको लागि रु.२२ करोड व्यवस्था गरेको छ । सडक मर्मत तथा संभारको लागि रु.७८ करोड ५८ लाख छुट्याएको छ । पूल र झोलुङ्गेपुलहरुको लागि रु.२२ करोड ५७ लाखको व्यवस्था गरेको छ । दुर्गम पहाडी क्षेत्रमा हवाई यातायात विस्तार तथा सुधार गर्ने कार्यक्रमको लागि पनि केही रकमको व्यवस्था गरेको छ ।

६५ प्रत्येक नेपालीले स्वस्थ जीवन बाँच्न पाउने आर्थिक, सामाजिक परिवेशको निर्माण गर्ने नेपाली काँग्रेसको चुनाव घोषणालाई मूर्त रुप दिन प्रतिकारात्मक तथा संवर्द्धनात्मक स्वास्थ्य सेवा ग्रामीणस्तर सम्म पुऱ्याउने कार्यक्रमको लागि रु.२२ करोड ७५ लाख छुट्याएको छ । स्वास्थ्य केन्द्रहरुमा पर्याप्त औषधी उपलब्ध गराउन रु.१२ करोड २१ लाख छुट्याएको छ । आयुर्वेदिक जस्ता परम्परागत स्वास्थ्य सेवा प्रणालीको विकाश तथा विस्तार निमित्त रु.८० लाख खर्च हुने अनुमान गरेको छ । स्वास्थ्य क्षेत्रमा संचालन गर्ने विभिन्न कार्यक्रमहरुको लागि रु.६३ करोड २४ लाखको व्यवस्था गरेको छ ।

६६ केटाकेटीहरुको बाँच्न पाउने अधिकार सुरक्षा गरिनु पर्दछ भन्ने सरकारको संकल्प रहेकोले आगामी दश बर्षभित्र शिशु र वाल मृत्यु दर पचहत्तर प्रतिशत कम गर्ने उद्देश्य अनुरुप खोप कार्यक्रमहरुलाई रु.७ करोड ९५ लाख व्यवस्था गरेको छ । यसमा गैर सरकारी संघ संस्थाहरुलाई विशेष रुपले अभिप्रेरित गराउने वातावरणको श्रृजना गरिनेछ ।

६७ जनसंख्या नियन्त्रणको कामलाई ग्रामीण विकाशको अभिन्न अंगको रुपमा अँगालिने नीति अनुरुप गरबी उन्मूलन तथा जनसंख्या नियन्त्रण सम्बन्धी नीति र कार्यक्रमहरु ग्रामीण क्षेत्रसम्म एकीकृत रुपमा पुऱ्याउन एक बृहत्त कार्यक्रमको तर्जुमा हुँदैछ । यसै सन्दर्भमा सरकारले जनसंख्या सम्बन्धी नीति तयार गर्दैछ । गैर सरकारी संघ संस्थाहरुको समेत सहभागिता हुने गरी जनसंख्या सम्बन्धी कार्यक्रमलाई अघि बढाइनेछ । जनसंख्या नियन्त्रण कार्यक्रमको लागि रु.१२ करोड ७ लाखको व्यवस्था गरेको छ ।

६८ शैक्षिक गुणस्तरमा आएको ह्रास र शैक्षिक असमानतालाई नियन्त्रण गर्न शैक्षिक गुणस्तरमा अभिबृद्धि गर्ने दृष्टिकोणले उपयुक्त शिक्षा नीति र योजनाको तर्जुमा गरिनेछ । आगामी दश बर्ष भित्र नेपालमा निरक्षरता समाप्त गर्ने उद्देश्यले प्राथमिक शिक्षा र प्रौढ शिक्षा विस्तारमा विशेष जोड दिने नीति अनुरुप एक बृहत्त आयोजनको तर्जुमा हुँदैछ । प्राथमिक शिक्षाका निम्ति निःशुल्क पाठ्य पुस्तक वितरणको लागि रु.१० करोडको व्यवस्था गरिएको छ। माध्यमिक शिक्षा चरणबद्ध रुपमा निःशुल्क गराउने उद्देश्य अन्तर्गत आर्थिक बर्ष २०४८।४९ को आगामी शैक्षिक सत्र देखि हाल सरकारी अनुदान पाइ राखेको विद्यालयहरुमा छैठौं कक्षासम्मको शिक्षा निःशुल्क गर्ने कार्यक्रमको तर्जुमा गरी लागु गरिनेछ । थप नयाँ विश्वविद्यालयहरु खोल्ने सम्बन्धमा आवश्यक अध्ययन सर्वेक्षणका लागि बजेट व्यवस्था समेत गरिएको छ । उच्च शिक्षा तर्फ सरकारी व्ययभार निकै बढेकोले त्रिभुवन विश्व विदालयलाई आफ्नो आन्तरिक साधन परिचालन गर्ने तर्फ प्रेरित गरिनेछ । शिक्षा क्षेत्रमा आगामी बर्ष रु.२ अरब ७३ करोड ४० लाखको बजेट व्यवस्था गरेको छ ।

६९ घरेलु तथा स–साना उद्योगहरु रोजगारी तथा आयमूलक भएकोले यसको विस्तारमा विशेष जोड दिइएको छ । हालको घरेलु तथा ग्रामीण उद्योग विभाग र घरेलु तथा ग्रामीण उद्योग विकास समितिमा संस्थागत पुन संरचना गरी क्रमशः घरेलु तथा साना उद्योग विभाग र घरेलु तथा साना उद्योग विकास केन्द्रमा परिणत गरिएको छ । यो नयाँ संस्थागत व्यवस्थाले रोजगारी तथा निर्यातमूलक गलैचा, हस्तकला, तयारी पोशाक जस्ता उद्योग व्यवसायहरुको निम्ति चाहिने दक्ष जनशक्ति देश भित्रै तयार गर्ने तर्फ विशेष जोड दिनेछ । विभिन्न क्षेत्रमा स्थानीय श्रम, साधन र संभाव्यता अनुरुप घरेलु तथा साना उद्योगको प्रवर्द्धन, सवंवर्द्धन र विस्तार गरी एकीकृत रुपमा संचालन गर्नको निमित्त रु.५ करोड ४४ लाखको व्यवस्था गरेको छ । ग्रामीण क्षेत्रमा घरेलु तथा साना उद्योगको प्रवर्द्धन गरी थप रोजगारीका अवसरहरु सिर्जना गर्नको निमित्त रु.४ करोड ४४ लाखको व्यवस्था गरेको छ ।

७० राष्ट्रका अगाडि देखापरेको गरीबी, ग्रामीण क्षेत्रको अविकसित अवस्था, महिलाहरुका समस्या र दुर्गम क्षेत्रका जनताले भोग्न परेका कठिनाईमा सुधार ल्याउने उद्देश्यले यस बर्ष स्थानीय विकाश कार्यक्रममा विकेन्द्रीकरणको सिद्धान्तलाई मूल आधारमानी स्थानीय नेतृत्वलाई नै विकाशमा बढी अग्रसर गराउने गरी स्थानीय तथा ग्रामीण विकाशलाई प्रभावकारी ढँगले कार्यान्वयन गर्न अनुदानको रुपमा रु.२५ करोड ३० लाखको व्यवस्था गरेको छ । चालु बर्षमा स्थापित ग्रामीण स्वाबलम्बन विकास कोषको लागि रु.१ करोड छुट्याएको छ । दुर्गम क्षेत्र विकाश समिति अन्तर्गत हुने कार्यक्रमहरुको लागि रु.२ करोड ७६ लाख र महिला विकास कार्यक्रमहरुको लागि रु.४ करोड ८४ लाखको व्यवस्था गरेको छ ।

७१ जलश्रोतको समूचित विकास गर्ने क्रममा अरुण तेश्रो विद्युत आयोजनाको निर्माण कार्य शुरु गर्न दातृ समूहसँग सम्झदारी बढाई आयोजना संचालन गर्न प्रयास गरिनुका साथै विद्युत उर्जाको बढ्दो माग आपूर्तिमा सन्तुलन ल्याउन मध्यम खालका विद्युत आयोजना थाल्ने संभावनालाई पनि अघि बढाइने छ । ग्रामीण विद्युतीकरणको योजनालाई क्रमैसँग विस्तार गर्न आवश्यक रकमको व्यवस्था मिलाएको छ । साना जल विद्युत शक्ति उत्पादन गर्ने कार्यक्रम संचालन गर्न निजी क्षेत्रलाई पनि प्रोत्साहन गर्ने नीतिको अवलम्बन गरिनेछ ।

७२ हिमाल सिमेण्ट कारखानाको पुनरुत्थान र हेटौडा सिमेण्ट उद्योगलाई उच्च स्तरीय कच्चा पदार्थ उपलब्ध गराउनको लागि आवश्यक रकम जुटाएको छ । यसबाट यी दुबै उद्योगहरु पूर्ण क्षमतामा संचालन हुनेछन् । दैनिक आठ सय मेट्रिक टन

सिमेण्ट उत्पादन गर्ने क्षमताको निर्माणाधीन उदयपुर सिमेण्ट उद्योगले आगामी बर्षको अन्तसम्ममा परीक्षण उत्पादन प्रारम्भ गर्ने भएकोले रु.१ अरब २० करोड ५ लाखको व्यवस्था गरेको छु। निर्यात प्रवर्द्धन क्षेत्र स्थापनाको प्रारम्भिक कार्य संचालनको लागि रु.२ करोड ७ लाखको व्यवस्था गरेको छु। निजी क्षेत्रहरुलाई औद्योगिक क्षेत्रहरुमा उद्योग स्थापना गर्नको निम्ति अनुकूल वातावरण सिर्जना गर्न औद्योगिक क्षेत्रहरुको व्यवस्थापन सुधार गरिनेछ।

७३ पर्यटन उद्योगले स्वदेशी उद्योग तथा सेवाको विकास तथा विस्तार गर्नमा सघाउ पुऱ्याइ आन्तरिक उत्पादन र रोजगारीको अवसरमा समेत बृद्धि हुन जाने भएकोले पर्यटन उद्योगको लागि चाहिने सामानहरु स्वदेशी उद्योगहरुबाट परिपूर्ति गराई पर्यटन उद्योगबाट आर्जित हुने परिवर्त्य मुद्रा देश भित्रै सकेसम्म बढी मात्रामा राख्ने दृष्टिकोणले एक कार्य योजना तैयार गरीनेछ। यस सन्दर्भमा आगाम बर्षदेखि पर्यटन विकास सम्बन्धी विभिन्न पक्षहरु समावेश भएको एक नयाँ कार्यक्रम संचालन गरिनेछ। त्यस्तै देशको सांस्कृतिक थलोहरुको संरक्षण गर्न गुरु योजना तर्जुमा गरी राष्ट्रिय सम्पदाहरुको संरक्षण तथा जिर्णोद्धार गर्ने कामको थालनी गरिनेछ। आगामी आर्थिक बर्षमा काभ्रेपलाञ्चोक जिल्लाको पनौतीमा रहेको प्राचीन मन्दिरको जिर्णोद्धार तथा त्यस क्षेत्रको सुधार कार्यहरु संचालन गर्न आवश्यक रकमको व्यवस्था गरेको छु।

७४ समाजका विपन्न तथा पिछडिएका वर्गहरुको उत्थानको लागि गैर सरकारी संगठनहरु र सरकारी स्तरबाट संचालित कार्यक्रमलाई एक अर्काको पूरक बनाई लक्षित समूहलाई बढी भन्दा बढी फाइदा दिलाउने तर्फ गैर सरकारी संस्थाहरुलाई उत्प्रेरित गराउने वातावरण, श्रृजना गरिनेछ। गैर सरकारी संस्थालाई संगठित हुन खुल्ला छाडिने छ तर यस्ता संस्थाहरुलाई ग्रामीण विपन्नतालाई दृष्टिगत गर्ने गरी प्रोत्साहित गरिनेछ। विपन्न वर्गको आर्थिक तथा सामाजिक स्थितिमा हुन सक्ने सकरात्मक प्रभावलाई मध्यनजर राखी सरकारले तोकेको निकायबाट स्वीकृतीलिई विदेशी गैर सरकारी संस्थाहरुले सरकारमा दर्ता गरेको राष्ट्रिय गैर सरकारी संस्थाहरु सँग सिधै सम्पर्क राख्न सक्नेछन्। तर विदेशी सरकारी तथा गैर सरकारी संस्थानहरुसँग राष्ट्रिय गैर सरकारी संस्थाले सम्झौता गर्न भने सरकारको स्वीकृती लिनु पर्ने नीति अपनाइएको छ।

७५ आगामी बर्ष विकास खर्चको अनुमान चालु बर्ष पूरक बजेटबाट समेत वित्तिय क्षेत्रको सुधारका लागि खर्च भएको रकम रु.३ अरब २७ करोड २७ लाख कटाउँदा चालु बर्षको संशोधित अनुमानको रु.१३ अरब २७ करोड ८३ लाखको दाँजोमा २७.२ प्रतिशतले बढी छ। आर्थिक बर्ष २०४८।४९ मा विभिन्न क्षेत्रमा हुने विकास खर्च र कूल विकास खर्चको प्रतिशत तल तालिकामा दिइएको छ।

रु. हजारमा

| शिर्षक | अनुमानित विकास बजेट | कूल विकास बजेटको प्रतिशत |
|---|---|---|
| आर्थिक सेवा | | |
| **कृषि क्षेत्र** | **४११.७२** | **२४.४** |
| कृषि | १६४.९५ | ९.८ |
| सिंचाई | १५६.१६ | ९.२ |
| भूमिसुधार | ३.५२ | ०.२ |
| बन | ७८.५२ | ४.६ |
| अन्य | ८.५७ | ०.५ |
| **यातायात क्षेत्र** | **२८८.२४** | **१७.१** |
| सडक | २१७.४३ | १२.९ |
| हवाई | ४२.८१ | २.५ |
| पूल | २२.५६ | १.३ |
| अन्य | ५.४४ | ०.३ |
| **उद्योग क्षेत्र** | **१७०.७६** | **१०.१** |
| **संचार** | **१८.१९** | **१.१** |
| **अन्य आर्थिक सेवाहरु** | **६३.०३** | **३.७** |
| सामाजिक सेवा | ५२७.५९ | ३१.२ |
| स्वास्थ्य | ६३.२४ | ३.७ |
| शिक्षा | २७३.४० | १६.२ |
| खानेपानी | १०१.२१ | ६.० |
| स्थानीय विकास | ४७.०६ | २.८ |
| अन्य | ४२.६८ | २.५ |
| अन्य | २०९.९८ | १२.४ |
| **कूल जम्मा** | **१६८९.५०** | १०० |

७६ विकास खर्चको निम्ति चाहिने साधन मध्ये सरकारी राजश्वबाट रु.२ अरब ३१ करोड १२ लाख, बैदेशिक सहायता अनुदानबाट रु.३ अरब ५१ करोड १४ लाख, बैदेशीक ऋण सहायताबाट रु.८ अरब ३१ करोड ७१ लाख बेहोरी बाँकी नपुग रकम थप कर प्रस्तावबाट र आन्तरिक ऋण एवम नगद मौज्दातबाट व्यहोर्ने प्रस्ताव राखेको छु । यसरी विकास खर्चमा आन्तरिक श्रोतको योगदान ३० प्रतिशत रहेको छ ।

७७ यसरी आगामी बर्षका लागि साधारण र विकासमा गरी जममा रु.२६ अरब ६४ करोड ९ लाख विनियोजन गरेको छु । यस मध्ये राजश्वको वर्तमान श्रोतबाट १२ अरब ५ करोड ७० लाख र बैदेशिक ऋण तथा अनुदान गरी जम्मा रु.११ अरब ८२ करोड ८५ लाख व्यहोर्ने भई बाँकी रु.२ अरब ७५ करोड ५३ लाख न्यून रहने छ ।

७८ राजश्वको बृद्धिदर सरकारी खर्चको बृद्धिदरको तुलनामा एकातिर ज्यादै कम भएको छ भने अर्को तर्फ आन्तरिक ऋणलाई पनि वान्छित सीमा भित्र राख्नु पर्ने वाध्यता उत्तिकै छ । बैदेशिक एवम आन्तरिक ऋण गत बर्षको अन्तसम्ममा रु.४९ अरब ६३ करोड पुगी सकेको छ । यो ऋण भार प्रतिव्यक्ति रु.२५५५ हुन आउँछ । विकास कार्यक्रमहरुको लागि चाहिने पूँजी हालको राजश्व बृद्धिदरबाट केबल १६.६ प्रतिशत पुराउन सकिने भएकोले अझ कैयन बर्षसम्मको लागि बैदेशिक सहायता नभई नहुने अवस्था रहेको छ। तर बढदै गएको ऋण भार र सो को कारण वस्तु तथा सेवाको निर्यात आर्जन र निजी ट्रान्सफरको तुलनामा ऋण भुक्तानमा हुँदै गएको बृद्धिलाई ध्यानमा राख्दा देशलाई ऋणको खाडल (Debt Trap) मा जान नदिन पनि हामी उत्तिकै जागरुक हुनु परेको छ। तसर्थ ऋणको समूचित उपयोग गरी राष्ट्रिय उत्पादनमा अभिबृद्धि गरेर ऋण माथिको निर्भरतालाई क्रमशः घटाउँदै लाने तर्फ विशेष ध्यान दिइने छ ।

७९ सरकारले विदेशी ऋण र सहायता लिंदा आयोजनाको छनौट र प्राथमिकता तोक्ने कार्यलाई गम्भिरता पूर्वक लिई आफ्नो अहम् भूमिका निर्वाह गर्ने छ । विदेशी सहायतालाई देशको आवश्यकता र यसले जनताको आर्थिक तथा सामाजिक स्थितिमा पार्न सक्ने सकरात्मक प्रभावलाई ध्यानमा राखी छानिएका खास खास क्षेत्रहरुमा प्रवाहित गरिनेछ । विदेशी अनुदानबाट प्रदान हुने प्राविधिक सहयोग अन्तरगत विदेशी प्रविधिको उपयोग हाम्रै विकास प्रशासनले प्रयोग गर्न सक्ने स्थितिको श्रृजना गरिनेछ । यसमा सबै दातृ पक्षहरुको सकारात्मक धारणा मैले पाएको छु र पाउने आशा पनि लिएको छु । यसै सन्दर्भमा नेपालको चौतर्फी विकासमा सबै मित्र राष्ट्रहरु, विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष, एशियाली विकास बैंक, संयुक्त राष्ट्र संघीय विकास संस्थाहरु तथा अन्य द्विपक्षीय तथा बहुपक्षीय संघ संस्थानहरुको सहयोगको लागि धन्यवाद दिन चाहन्छु ।

८० विभिन्न आयोजना तथा कार्यक्रमहरुमा छुट्याएको रकम दुरुपयोग नहोस्, अनावश्यक सुविधाहरुमा खर्च गर्ने प्रबृत्तिले प्रश्रय नपाओस् र समयमा नै लक्ष्य अनुसार काम सम्पन्न होस् भन्ने दृष्टिकोण राखी एक उच्चस्तरीय कार्यक्रम अनुगमन इकाई राख्ने व्यवस्था मिलाएको छु ।

८१ आर्थिक बर्ष २०४६।४७ को यथार्थ आय–व्यय, आर्थिक बर्ष २०४७।४८ को संशोधित आय–व्यय र आर्थिक बर्ष २०४८।४९ को अनुमानित आय–व्यय अनुसूची १ मा दिएको छु ।

८२ चालु आर्थिक बर्षमा प्रत्येक मन्त्रालयलाई छुट्याइएको खर्चको रकम र सो खर्च अनुसारको लक्ष हासिल भयो भएन त्यसको विवरण यसै साथ पेश गरेको छु ।

<u>**राजश्व सम्बन्धी प्रस्तावहरु**</u>

**सभामुख महोदय,**

८३ अब म राजश्व सम्बन्धी प्रस्तावहरु पेश गर्दछु । हालै भएको नेपाली मुद्राको विनिमय दर समायोजनबाट औद्योगिक क्षेत्र तथा उपभोक्ताहरुलाई पर्न सक्ने प्रतिकूल प्रभाव प्रति सचेष्ट रही सकभर त्यसलाई निस्प्रभावित पार्ने, कर प्रशासनलाई सकेसम्म सरसल गर्ने र सामान्य जनजीवनलाई प्रतिकूल असर नपारी राजश्व बृद्धि गर्ने उद्देश्य लिई आगामी बर्षको नीति तर्जुमा गरेको छु ।

८४ सम्पूर्ण प्राथमिक उत्पादन र वस्तुहरु, मरमसलाहरु, सबैं प्रकारका खाने तेल, विस्कुट, नुहाउने साबुन, निर्माण सामग्री, प्रयोगशाला सम्बन्धी काँचका सामानहरु, लालटीन र सोको फित्ता, थरमश, वस ट्रकको टायर, टयूव, झयाल ढोकाको फ्रेम र फिटिङ्ग, सिंचाईको होजपाईप, तिनपाँग्रे अटो रिक्सा, ताल्चा, कपडाको जुत्ता, हात्ते रस निचोरने मेशीन, केटाकेटीका खेलौना र सरसामानहरुमा सर्वसाधारण उपभोक्ताहरुलाई राहत पुर्‍याउने उद्देशयले भन्सार महशूल दर घटाउने वा माफी गर्ने प्रस्ताव गरेको छु । गणतन्त्र चीनको तिब्बत स्वशासीत क्षेत्रबाट पैठारी हुने उपभोग्य वस्तुहरुमा लाग्ने अतिरिक्त भन्सार महसूलमा पनि ५० प्रतिशत छुट दिईएको छ ।

८५ स्वदेशी उद्योगहरुको उत्पादनमा कमी आउन नदिन तथा त्यसबाट उत्पादित्त वस्तुहरुलाई बजारमा बढी प्रतिस्पर्धात्मक बनाउन उद्योगले आयात गर्ने सम्पूर्ण कच्चा पदार्थमा लाग्ने साधारण भन्सार महसूल दरमा २५ प्रतिशतका दरले छुट दिने

प्रस्ताव गरेको छ। यसको अतिरिक्त औद्योगिक वस्तुको प्याकिङ्ग सामानहरु, छान्ने कपडा मेशिनमा प्रयोग हुने रबरको लोता, तथा काजगका लेवलहरुमा लाग्ने भन्सार महसूल दर पनि घटाएको छु । उद्योगले उत्पादनका लागि पैठारी गर्ने कच्चा तथा सहायक कच्चा पदार्थमा लाग्ने भन्सार महसूल दर तयारी वस्तुमा भन्दा बढी भएमा तयारी मालसामानको भन्दा एकतह मुनीको भन्सार महसूल दर लाग्ने व्यवस्था सबै उद्योगहरुका लागि गरेको छु ।

८६ सामानको पैठारीमा हाल लाग्ने गरेको परिमाणगत भन्सार महसूल दर हटाएको छु । सवारी साधनहरुको भन्सार महसूल दरमा सामान्य हेरफेर गरी परिमाणगत भन्सारदरलाई समायोजन गरिएको छ।

८७ सर्वसाधारणलाई असर नपर्ने मालसामानहरुको उपभोग कम गर्न, टीन प्याक बदाम र सुपारी, रेक्टीफाइड अल्कोहल र अल्कोहल मिश्रित पेयपदार्थ, क्यामेरा, फ्याल्यास, भोल्टेज स्टावलाइजर र एयरकण्डिसनरको कम्प्रेसर तथा स्वेदशमा निर्मित राष्ट्रिय भाषाका चलचित्र प्रदर्शनलाई प्रोत्साहन गर्न विदेशी फिचर फिल्मको भन्सार महसूल दरमा केही बृद्धि गरेको छु ।

८८ नेपाली यात्रुहरुले विदेश भ्रमणबाट फर्कदा साथमा ल्याएको निजी प्रयोगको सामानहरुमा कर सुविधा दिने अभिप्रायले भिटी गुण्टा नियमको व्यवस्था गरिएको थियो । तर उक्त सुविधा व्यापारिक प्रयोजनको लागि दुरुपयोग भई अवान्छित कार्य गर्ने प्रबृत्ति समेत बढेको देखिएको छ । यस्ता प्रबृत्तिलाई निरुत्साहित गर्न हाल विदेशी मुद्राको श्रोत नभएमा पनि एक रात विदेशमा विताएमा सुन तीन तोला, वा चाँदी १५० तोलासम्मको गहना विना भन्सार महसूल बुझाई ल्याउन पाउने भएकोमा कमसेकम अब तीन रात विताउनु पर्ने र विदेशी मुद्राको श्रोत पनि देखाउनु पर्ने, चाँदीको १५० तोलासम्मको गहना ल्याउन पाउने सुविधालाई घटाई १५ तोलामात्र ल्याउन पाउने व्यवस्था गरेको छु । भिटी गुण्टा सम्बन्धी नयाँ व्यवस्था आजैको मिति देखि लागु हुने व्यवस्था गरेको छु तर आजैको मिति सम्म विदेश गईसकेका नेपाली यात्रुहरुले श्रावण २७ गते भित्र फर्की सो मितिसम्म भन्सार गोदाममा सामान दाखिला गरी सकेमा पुरानै व्यवस्था अनुरुपको सुविधा पाउने व्यवस्था कायमै राखेको छु ।

८९ विदेशी मुद्राको आय श्रोत भई कमसेकम एक बर्ष विदेशमा बसेको नेपाली नागरिकले भन्सार महशूल बुझाई २५ तोलासम्म सुन ल्याउन सक्ने सुविधामा बृद्धि गरी ५० तोलासम्म ल्याउन सक्ने व्यवस्था गरिएको छ ।

९० भन्सार महसूल दरबन्दीहरु आजकै मिति देखि लागु हुनेछन् ।

९१ हालको विक्रीकरको दरबन्दीलाई उद्योगपति, पैठारी कर्ता तथा कर प्रशासक समेतलाई सजिलो र बढी स्पष्ट हुने गरी सरलीकरण गरेको छु ।

९२ रासायनिक पदार्थ, स्टोभ, घर छाउने टायल, पानको पात, तोरीको दाना, जनसाधारणले प्रयोग गर्ने रेडियो, डिटरजेन पाउण्डर, प्लाष्टीकका चुरा,टिका, पोते, सियो, मेन्टोलको जाली, जुटका उत्पादनहरु, पाइपहरु, सिनेमा उद्योगले आयात गर्ने कच्चा फिल्म, जस्ता वस्तुहरुमा विक्रीकर घटाउनुको साथै टेलिभिजन जस्ता वस्तुहरुमा विक्रीकर दरहरुमा केही बृद्धि गरेको छु । विक्रीकरका अन्य दरहरु यथावत राखिएको छ ।

९३ विक्रीकरका दरहरु आजैका मितिदेखि लागु हुनेछन् ।

९४ औद्योगिक उत्पादनमा हालैको विनिमयदरको समायोजनले परेको असरलाई ध्यानमा राखी जनसाधारणलाई बोझ नथप्ने अभिप्रायले अन्तःशुल्क दरमा खास परिवर्तन नगरी विद्यमान अन्तःशुल्कको परिमाणगत दरबन्दीलाई क्रमशः हटाउँदै लग्ने उद्देश्यले सामान्य समायोजन सम्म गरेको छु ।

९५ कृत्रिम रेशाको धागो तथा कपडा, पोलिथिनका सामानहरु, फलाम तथा पलामका उत्पादनहरु, विस्कुट आदिमा मोल प्रतिशत तथा परिमाणगत दुबै दरमा अन्तःशुल्क लाग्ने व्यवस्था रहेकोमा यसलाई मोल प्रतिशतमा मात्र लगाउने व्यवस्था गरेको छु ।

९६ बढ्दो औद्योगिकरणबाट राजश्वमा योगदान हुनुपर्ने उद्देश्यले औद्योगिक उत्पादनहरु भिडीयो डेक, मिनरल वाटर, स्पोर्टस र प्लाष्टिकका जुत्ता, ब्रान र सालसिड आयल र कृत्तिम छाला आदिमा केही प्रतिकात्मक रुपमा अन्तःशुल्क लगाउने प्रस्ताव गरेको छु ।

९७ चुरोट र मदिराको सेवनलाई निरुत्साहित गर्न चुरोटको अन्तःशुल्क लाग्ने वर्तमान स्लाबमा हेरफेर तथा मदिराको वर्तमान दरमा ५ प्रतिशत थप गरी नयाँ अन्तःशुल्क दर कायम गरेको छु । यसबाट सरदर १० प्रतिशत थप राजश्व आउने छ ।

९८ स्वेच्छीक रुपमा आयकर तिर्ने प्रबृत्तिको विकास गर्ने उद्देश्यले करदातालाई करको भार केही कम हुनेगरि देहाय बमोजिम आयकरको दर प्रस्ताव गरेको छु ।

(१) **<u>व्यक्ति, दम्पत्ति वा परिवारको लागि आयकर नलाग्ने आयको हद:</u>**

| | |
|---|---|
| (क) व्यक्तिको लागि | रु.२०,०००।– |
| (ख) दम्पत्ति वा परिवारको लागि | रु.३०,०००।– |

(२) **<u>आयकर लाग्ने करको दर</u>**

| | |
|---|---|
| छुटपछिको पहिलो रु. १०,००० मा | १० प्रतिशत |
| त्यसपछिको रु.२०,००० मा | २० प्रतिशत |
| त्यसपछिको रु.२०,००० मा | ३० प्रतिशत |
| त्यसपछिको रु.२०,००० मा | ४० प्रतिशत |
| र त्यसपछिको जतिसुकै भएपनि | ५० प्रतिशत |

९९ अस्थायी वासिन्दा, साँझेदारी फर्म, प्राईभेट लिमिटेड कम्पनी र संस्थानहरुको आयमा कुनै किसिमको छुट नदिई उपरोक्त बमोजिमको दरले आयकर लगाउने प्रस्ताव गरेको छु। अस्थायी बासिन्दालाई हाल लगाई आएको १२ प्रतिशत थप करको व्यवस्था यथावत राखेको छु।

१०० हालसम्म घरजग्गा बहाल आयलाई करदाताको अन्य श्रोतबाट हुने आयमा समावेश गरी आयकर लगाई आएको कारणबाट आयकरको उच्चतम दरलाग्न गई आयकर तिर्ने भावनामा प्रतिकूल असर परेकोले आगामी आर्थिक बर्ष देखि घरजग्गा वहाल आयमा आयकरका दर बमोजिम छुट्टै घरजग्गा वहाल कर लगाउने प्रस्ताव गरेको छु। तर घरजग्गा बहाल बाहेक करदाताको अन्य आय श्रोत पनि भएमा भने व्यक्ति वा परिवारले पाउने छुट दोहोरो नपर्ने गरी मिलाएको छु। यसबाट घरजग्गा बहाल आयमा आयकर तिर्न करदाता प्रोत्साहित हुने आशा राखेको छु।

१०१ नेपाल अधिराज्य भित्रका उद्योग, कारखाना वा कम्पनीलाई ऋृण, प्राविधिक ज्ञान, प्रविधि, सूचना, फर्मूला आदि जस्ता सेवा प्रदान गरी सो वापत पाउने ब्याज शुल्क, रोयल्टी वा यस्तै अन्य आय प्राप्त गर्ने कुनै पनि विदेशी व्यक्ति, कम्पनी वा फर्मलाई उनीहरुले पाउने कर योग्य आयमा एकमुष्ट २५ प्रतिशतका दरले आयकर लगाई कर असुल उपर गरिने प्रस्ताव गरेको छु।

१०२ अग्रिम कट्टा गर्नुपर्ने हालसम्म स्पष्ट रुपमा नतोकिएका आयहरु डिस्काउण्ट, कमिशन, डिष्ट्रीव्यूशन, सल्लाहकार सेवा शुक र यस्तै अरु कर योग्य आयमा पछि अन्तिम कर निर्धारण हुँदा मिलाउने गरी भुक्तानी कै अवस्थामा १० प्रतिशत अग्रीम आयकर वापत आयकर कट्टा गरिने प्रस्ताव राखेको छु।

१०३ कर दाताले स्वच्छाले अघिल्लो बर्षमा लागेको आयकर वराबरको रकम अग्रिम दाखिला गर्न सक्ने व्यवस्था गरिएको छ। यस्तो अग्रिम दाखिला गरिएको रकम अन्तिम आयकर निर्धारण गर्दा लाग्ने आयकर भन्दा बढी भएमा बढी भएजति रकममा बार्षिक ८ प्रतिशत ब्याज समेत जोडी फिर्ता गर्ने व्यवस्था गरेको छु।

१०४ करदाताहरुबाट आय विवरण तथा निर्धारित आयकर रकम म्याद भित्र दाखिला गराउने प्रवृत्तिलाई प्रोत्साहन गर्न लागेको आयकरमा २ प्रतिशत छुट दिने व्यवस्था गरेको छु।

१०५ होटलहरुले ग्राहक तथा पाहुनाहरुलाई उपलब्ध गराउने सबै सेवाहरुमा होटल कर नलिइएकोले यसमा सुधार विस्तार गरि होटलले ग्राहक तथा पाहुनाहरुलाई उपलब्ध गराउने संचार सेवा बाहेक अन्य सबै सेवामा होटलकर लाग्ने व्यवस्था गरेको छु। होटलकर तिर्ने प्रबृत्तिलाई प्रोत्साहित गर्न तथा राजश्व संकलनमा सरलता ल्याउने दृष्टिले तारा नभएका होटल, लज, रेष्टुराँ तथा वारहरुको आय गर्ने क्षमताको आधारमा बार्षिक रुपमा होटल कर तोकी असूल उपर गर्ने प्रस्ताव गरेको छु। होटलकरका अन्य व्यवस्तथाहरु यथावत राखेको छु।

१०६ नेपाली उद्यमीहरुलाई प्रोत्साहित गरी नेपाली कला र सस्कृतिको संरक्षण तथा संवर्द्धनलाई समेत सघाउ पुग्ने गरी नेपाल अधिराज्यमा नेपाली निर्माताहरुद्धारा नेपाली भाषामा निर्मित चलचित्र,भिडियो फिल्म वा टेलिफिल्मलाई दिइ आएको दुई तिहाई अनुदानलाई कायमै राखेको छु।साथै यस्ता चलचित्र समयमै प्रदर्शन गराउने उद्देश्यले नेपाली निर्माताका यस्ता चलचित्र, भिडियो फिल्म वा टेलिफिल्म प्रदर्शन गर्ने हल धनीहरुलाई समेत उठेको मनोरन्जनकर रकमबाट ५ प्रतिशत छुट्टै रकम अनुदान दिने व्यवस्था गरेको छु।

१०७ टुरिङ टाकीजमा मासिक रु.१२,०००।– का दरले एकमुष्ट मनोरञ्जन कर लगाउने व्यवस्था गरेको छु। मनोरञ्जन करका अन्य व्यवस्था यथावत राखेको छु।

१०८ टेलिभिजन तथा भिडियोमा वार्षिक रुपमा लागि आएको दस्तुरलाई खारेज गरी पैठारी तथा उत्पादकवाट खरिद गर्दाको अवस्थामा अब उप्रान्त एकमुष्ट दर्ता दस्तुर लिने प्रस्ताव गरेको छु।

१०९ सवारी साधनको मूल्य बृद्धिको अनुपातमा सवारी साधनकर केही बर्ष देखि परिवर्तन नभएकोले कार,जीप, भ्यान तथा मोटरसाइकल जस्ता निजी सवारी साधनमा लाग्ने करको दरमा बृद्धि गरेको छु, सार्वजनिक यातायात तथा मालसामान ढुवानीमा दर नबढोस भन्ने उद्देश्यले यस्ता सवारी साधनमा लाग्ने सवारी साधन कर भने यथावत कायम राखेको छु।

११० मालपोत र रजिष्ट्रेशन सम्बन्धी प्रचलित दर तथा व्यवस्थाहरु यथावत कायम राखेको छु।

१११ क्यासिनोले तिर्नु पर्ने वार्षिक रोयल्टीलाई आगामी आर्थिक बर्ष देखि बृद्धि गरी अस्सी लाख पुऱ्याएको छु। क्यासिनोले तिर्नु पर्ने आयकर लगायत अन्य करहरु यथावत लगाई असूल गरिनेछ।

११२ परिवर्तन गरिएका विभिन्न करका दरहरुको विस्तृत विवरण अनुसूचीहरुमा उल्लेख गरेको छु। माथि उल्लेखित वाहेक अन्य करका दरहरु यथावत राखेको छु।

११३ हुलाक महसूल दरहरु धेरै समय देखि परिवर्तन नभएको एवं छिमेकी मुलुकहरुको दरहरु भन्दा पनि लगभग आधा भन्दा पनि कम रहेको तथा विश्व हुलाक संघको निर्देशित सामान्य सिद्धान्त समेतलाई दृष्टिगत गरी आन्तरिक हुलाक दरलाई यथावत राखी बैदेशिक हुलाक महसूल दरमा आगामी आर्थिक बर्ष देखि बृद्धि गरिने छ।

११४ विदेशी नागरिक एवं पर्यटकहरुलाई लागेको प्रवेश भिसा दस्तुरका दरहरुमा पर्यटन उद्योगलाई प्रभाव नपर्ने गरी आगामी आर्थिक बर्षको कार्तिक १ गते देखि लागु हुने गरी बृद्धि गरिनेछ।

११५ वायुयानको अवतरण, विमान, गृह आश्रय, उडड्यन सहाय सुविधा नयाँ विमानस्थलहरुमा लिने अन्य आन्तरिक दस्तुरहरु पनि छिमेकी तथा दक्षिया पूर्वी मुलुकहरुको तुलनामा कम भएको तथा अन्तरराष्ट्रिय नागरिक उडड्यन संगठनको प्रतिपादित सिद्धान्त बमोजिम हुनु पर्ने भएकोले वायुयान एवं विमानस्थल सम्बन्धी वर्तमान दरहरु आगामी आर्थिक बर्षको श्रावण १ गते देखि लागु हुने गरि बृद्धि गरिनेछ।

११६ आगामी आर्थिक बर्ष २०४८।४९ को लागि आय–व्ययको प्रस्ताव मैले पेश गरेकोमा रु.२ अर्ब ७५ करोड ५३ लाख न्यून रहेकोमा कर परिवर्तन तथा कर प्रशासनको सुदृढीकरण समेतबाट रु.५० करोड र बाँकी रु.२ अर्ब २५ करोड ५३ लाख आन्तरिक ऋण तथा नगद मौजदातबाट पूर्ति गर्ने प्रस्ताव गरेको छु। यसबाट देशको आर्थिक स्थितिमा प्रतिकूल असर नपर्ने विश्वास पनि राखेको छु।

उपसंहार

११७ प्रजातान्त्रिक समाजवादमा प्रतिवद्ध यस सरकारको राजनैतिक स्वार्थ विपन्न वर्गको सामाजिक र आर्थिक हितसँग गाँसिएको छ र हामी समतामूलक आर्थिक संरचना तयार गर्ने लक्ष्य तर्फ उन्मुख छौं। समाजका शोषित, पीडित वर्गको उत्थान नभई देशको समग्र विकाश नहुने र यस वर्गलाई विकास प्रकृयामा सरीक गराउन नसकेमा देशको आर्थिक एव राजनैतिक धरातल नै कमजोर हुन्छ भन्ने हाम्रो धारणा छ। तर बहुसंख्य जनता गरीब भएको , साधन र श्रोत सीमित रहेको, बैदेशिक सहायतामा अत्यधिक निर्भर र वाह्य उथल पुथलबाट प्रत्यक्ष प्रभावित भै रहने हाम्रो जस्तो सानो गरीव र त्यस माथि पनि ३० बर्ष सम्मको विकृतिको बोझ बोकेको अर्थतन्त्रमा हामीले चाहे जस्तो आर्थिक परिवर्तन तत्काल गर्न संभव छैन। आर्थिक अस्थिरता र अराजकता आउन नदिई अर्थ व्यवस्थामा आवश्यक समायोजन दिर्घकालीन सोचाई राखेर गर्दै लगिने छ। यस अभियानमा हाम्रो राजनैतिक दर्शनले बृहत्तर दिशाबोध गर्ने र नीतिगत संगति र निरन्तरतालाई सुनिश्चित गर्ने छ। तर सैद्धान्तिक निष्ठा कै मात्र आडमा हामी आर्थिक क्षेत्रमा अव्यवहारिक दृष्टिकोण अपनाउने छैनौं र हाम्रा आर्थिक नीतिहरु यथार्थवादी र लचिला हुनेछन्।

११८ यो सरकार प्रतिस्पर्धात्मक अर्थतन्त्रमा विश्वास राख्दछ र यसको माध्यमद्धारा निजीक्षेत्रको शीप, साधन र उद्यमशीलता देशको आर्थिक बृद्धिका लागि प्रभावकारी ढंगले परिचालन हुन्छ भन्ने ठान्दछ। तर यसले पिछडिएका र साधन विहिन जनता प्रति देखाउने उदासिनता प्रति पनि हामी उत्तिकै सचेत छौं। त्यसैले सरकारी संयन्त्र मूलतः त्यही गरीव निमुखा जनताको भलाईका लागि र तिनलाई उत्पादनशील बनाई विकासको मूलधारमा समाहित हुन सक्ने तुल्याउन उपयोग गरिनेछ। यसरी सरकारको भूमिका र कार्य क्षेत्र पूनः परिभाषित गरिनेछ र सरकारलाई मात्र विकाशको कारकतत्व मानने संकीर्ण दृष्टिवोध अस्वीकार गरिनेछ। विगतमा अन्धाधुन्ध किसिमले सरकार हरेक क्षेत्र र हरेक कार्यमा संलग्न हुने नीतिले आज हाम्रो अर्थतन्त्र दलदलमा जाकीन पुगेको छ। फलस्वरुप सरकार असीमित वित्तीय दायित्व बहन गर्न बाध्य छ र एउटै क्षेत्र र संस्थालाई निरन्तर टेवा दिइरहनु पर्ने र बाँकी अरु क्षेत्र उपेक्षित रहने स्थिति छ। यस सिलसिलालाई विच्छेद गर्दै सरकारी काम कार्यलाई कुशलता र सक्षमताको सीमा भित्र राख्नु अति आवश्यक भैसकेको छ।

११९ देशको श्रोत, साधन र विकास प्रतिफलमा विपन्न बर्गको समानुपातिक हकको प्रत्याभूति दिन यो सरकार प्रयत्नशील रहने कुरा म फेरी एक पटक दोहोऱ्याउँदछु। उत्पादन र उत्पादकत्वमा ह्रास आउन नदिई सम्पन्न वर्गको आर्थिक समृद्धिको केही हिस्सा प्रजातान्त्रिक एवम कानून संगत उपायद्धारा साधन विहिन जनसमुदाय तर्फ प्रवाहित गर्नु सरकारको दायित्व हुन्छ। यसबाट श्रम, पूँजी र प्रोत्साहनको संयोजन हुने मात्र नभई सामाजिक न्यायको स्थापना हुने र आर्थिक असमानतामा केही कमी समेत ल्याउन सघाउ पुग्ने हुनछ। तर यी उपायहरुबाट मात्र बहुसंख्यक गरीब जनताको भविष्य

र आयश्रोत सुनिश्चित हुन्न । देशबाट दरिद्रताको उन्मूलन मुख्यतः हामीले रोजगारिका अवसर कति श्रृजना गर्न सक्छौ, त्यसमा लक्षित वर्गको पहुँच कति पुग्छ र श्रम शक्तिको उत्पादकत्व कसरी बढ्छ त्यसैमा निर्भर गर्दछ । यसका लागि आर्थिक विकाशमा तिब्रता ल्याउनुका अतिरिक्त विकास प्रकृयालाई नै श्रम मुलक र विकृति रहित बनाउनु आवश्यक हुन्छ । यही उद्देश्य प्राप्ति तर्फ वित्तीय मौद्रिक एवं विकास नीति र जनसंख्या नीति समेतलाई केन्द्रित गर्ने प्रयास गरेको छु । यो बर्षको बजेट त्यो न्यायोचित र मानविय आर्थिक सामाजिक संरचना स्थापित गर्ने दिशा तर्फको प्रारम्भिक पाइला हो । जसको लागि तीन दशकसम्मको प्रजातान्त्रिक संघर्ष समर्पित रहयो , सयौं नेपालीहरुको रगत पसिना समर्पित रह्यो । यो प्रारम्भिक पाइला स्यानो हुनसक्छ, पाइलाको वेग अपेक्षा गरिए भन्दा कम तीब्र हुन सक्छ तर यो पाइला सही दिशा तर्फ उन्मुख भएको विश्वास म यो सम्मानीत सदनलाई दिलाउन चाहन्छु ।

१२० प्रजातान्त्रिक परिपाटी अनुरुप यो सरकारले आर्थिक क्षेत्रमा पनि जनतालाई सुसूचित गर्ने र अर्थतन्त्रका बाध्यता, संभावना र विकल्पहरु बारे पूर्ण जानकारी गराउँदै लाने नीति अवलम्बन गर्ने छ । जनतालाई ढाँट्ने र उनीहरुबाट आर्थिक मामिला सम्बन्धी तथ्यहरु लुकाउने राजनैतिक र प्रशासनिक प्रबृत्तिलाई दुरुत्साहित गरिनेछ । आजको कठिन र अनिश्चित बाह्रय आर्थिक वातावरणमा जनतालाई पूर्ण जानकारी र सचेत तुल्याई भैपरी आउने गाह्रो साँघुरो खप्न सघाउनका साथै उनीहरुलाई विश्वासमा लिनु अति जरुरी भएको महशूस गर्दछु । यसरी जनताको सरकारले जनतासँग प्रत्यक्ष सम्बन्ध राखी देशको आर्थिक पूनः निर्माणमा अगाडि बढ्ने अठोट लिएको तथ्य म सम्मानित सभामुख मार्फत माननीय सांसदहरुलाई अवगत गराउन चाहन्छु ।

१२१ विगतको विकृतीपूर्ण व्यवस्था र त्यसबाट पोषित राजनीतिक, प्रशासनिक तथा अवसरवादी वर्गको मिलोमतो र स्वार्थको कारण आजसम्मको विकास खाली प्रक्रियागत जालो भित्र नै अल्भिरहृयो र विकास कार्यकर्ता भनी चिनिने सबैले जनताको नाममा आ–आफु बीच "भागबण्डा" गर्ने परिपाटी बसाले । यस दुश्चक्रलाई कसरी तोड्ने अनि सम्पूर्ण खर्चलाई सोझै वास्तविक विकाशमा कसरी लगाउने र कसरी विकास कार्यलाई जनताको लागि "प्रत्यक्ष लाभ" मा रुपान्तर गर्ने भन्ने चुनौती हाम्रो सामु छ । यस अर्थमा सडक, पूल, खानेपानी, नहर निर्माणले त्यति मात्र महत्व राख्दछ जुन हदसम्म तिनले लक्षित वर्गको जीवनस्तर उकास्छन् र तिनको आय आर्जन गर्ने क्षमतामा बृद्धि ल्याउँछन् । यो गर्छौ र तयो बनाउँछौं भन्नु भन्दा जनतालाई हामीले के दियौं र उनीहरुले के पाए भन्ने कुरा महत्वपूर्ण हुन्छ र त्यसैमा हाम्रो ध्यान केन्द्रीत गर्नु छ । हामीले जनतालाई दिने प्रत्यक्ष राहत पनि यही हो । आउँदा दीनहरुमा हाम्रो विकाश प्रयासको मूल कसी यही हुनेछ र यही उद्देश्य प्राप्तितर्फ सम्पूर्ण विकास प्रशासन र आर्थिक सुधारलाई उन्मुख गराउने अठोट लिएको छु । बजेटमा उल्लेखित कार्यक्रमहरुको कार्यान्वयन गर्ने सिलसिलामा सरकारलाई संपूर्ण नेपाली जनता, राजनैतिक दलहरु र यस संसदका माननीय सांसदहरुबाट पूर्ण सहयोग मिल्ने कुरामा म विश्वस्त छु ।

जय नेपाल ।

अनुसूची १

आय – व्ययको विवरण

रु. हजारमा

| आ.ब. २०४६।४७ को यथार्थ | विवरण | आ.ब. २०४७।४८ को संशोधित अनुमान | आ.ब. २०४८।४९ को अनुमान |
|---|---|---|---|
| १९,६६९,२६४ | कूल खर्च | २४,४७८,८४२ | २६,६४०,९०० |
| ६,६७१,७६८ | साधारण तर्फ | ७,९२७,८८१ | ९,७४५,८८७ |
| १२,९९७,४९६ | विकास तर्फ | १६,५५०,९६१ | १६,८९५,०१३ |
| ११,२६२,८६९ | खर्च व्यहोर्ने श्रोतहरु | १३,०९२,९४३ | १६,०६८,४६६ |
| ९,२८७,५३२ | राजश्व | १०,६९८,२६१ | १२,५५७,०५० |
| | राजश्वको वर्तमान श्रोतबाट | | १२,०५७,०५० |
| | कर परिवर्तन तथा प्रशासनिक सुधारबाट | | ५००,००० |
| १,९७५,३३७ | बैदेशिक सहायता (अनुदान) | २,३९४,६८२ | ३,५११,४१६ |
| १,६७४,०२१ | द्विपक्षीय | १,८८३,९६९ | २,९७९,०४२ |
| ३०१,३१६ | बहुपक्षीय | ५१०,७१३ | ५३२,३७४ |
| -८,४०६,३९५ | बचत (+) न्यून (–) | -११३८५८९९* | -१०,५७२,४३४ |
| ८,४०६,३९५ | न्यून पूर्ति गर्ने श्रोतहरु | ११,३८५,८९९ | १०,५७२,४३४ |
| ५,९५९,६१३ | विदेशी सहायता (ऋण) | ६,२८०,८६० | ८,३१७,०७९ |
| १,०००,६१७ | द्विपक्षीय | १,४१९,५६७ | १,८१०,२७५ |
| ४,९५८,९९६ | बहुपक्षीय | ४,८६१,२९३ | ६,५०६,८०४ |
| २,१५०,००० | आन्तरिक ऋण | ४,८८७,५५८ | २,०८२,२०४ |
| १,४५०,००० | गैर बैकिङ्ग | ३,९३७,५५८ | १,१८२,२०४ |
| ७००,००० | बैकिंङ्ग क्षेत्र | ९५०,००० | ९००,००० |
| २९६,७८२ | नगद मौज्दातमा परिवर्तन (– बचत) | २१७,४८१ | १७३,१५१ |

* वित्तिय क्षेत्र सुधारका लागि गएको रु.३ अरब २७ करोड २७ लाख समेत

राजश्व अनुमान
२०४८/४९

अनुसूची २

रु.हजारमा

| संकेत संख्या | शीर्षक | उप – शीर्षक | वर्तमान श्रोतबाट | कर परिवर्तन र प्रशासनिक सुधारबाट | जम्मा |
|---|---|---|---|---|---|
| | | कूल जम्मा | १२०,५७१ | १०,००० | १३०,५७१ |
| १.१.१.० | भन्सार महसूल | | ३३,५२० | ९०० | ३४,४२० |
| १.१.१.१ | | पैठारीबाट | ३०,२०० | ३०० | ३०,५०० |
| १.१.१.२ | | निकासीबाट | १,१०० | ० | १,१०० |
| १.१.१.३ | | भारतीय अन्तःशुल्क फिर्ता | २,२०० | ० | २,२०० |
| १.१.१.४ | | भन्सारको अन्य आय | २० | ६०० | ६२० |
| १.१.२.० | वस्तु तथा सेवाको उत्पादन तथा उपभोगमा लाग्ने अन्तःशुलक र कर | | ४३,२३० | २,१०० | ४५,३३० |
| १.१.२.१ | | औद्योगिक उत्पादनमा अन्तःशुल्क | १३,८०० | ५५० | १४,३५० |
| १.१-२.२ | | मदभट्टी ठेक्का रकम | १० | ० | १० |
| १.१.२.३ | | विक्री कर | २३,५०० | १,००० | २४,५०० |
| १.१.२.४ | | मनोरञ्जन कर | ४५० | ५० | ५०० |
| १.१.२.६ | | होटल कर | १,४०० | १०० | १,५०० |
| १.१.२.७ | | हवाइ उडान कर | १,८०० | ० | १,८०० |
| १.१.२.८ | | ठेक्का कर | १,७५० | ० | १,७५० |
| १.१.२.९ | | सडक पूल सम्भार कर | ४२० | ० | ४२० |
| १.१.२.९ क | | अन्य | १०० | ४०० | ५०० |
| १.१.३.० | मालपोत तथा रजिष्ट्रेशन | | ५,५७० | ० | ५,५७० |
| १.१.३.१ | | माल र मालपोत कार्यालयबाट उठाउने मालपोत | ७७० | ० | ७७० |
| १.१.३.३ | | घर जग्गा रजिष्ट्रेशन दस्तुर | ४,८०० | ० | ४,८०० |
| १.१.४.० | आय, नाफा र सम्पत्ति कर | | १०,०२० | २०० | १०,२२० |
| १.१.४.१ | | आयकर –सरकारी क्षेत्र | १,६०० | ० | १,६०० |
| १.१.४.२ | | आयकर– अर्घ सरकारी क्षेत्र | १५० | ० | १५० |
| १.१.४.३ | | आयकर–सार्वजनिक क्षेत्र | ५० | ० | ५० |
| १.१.४.४ | | आयकर – निजी क्षेत्र | ६,८०० | ० | ६,८०० |
| १.१.४.५ | | आयकर–पारिश्रमिक | ४५० | ० | ४५० |
| १.१.४.६ | | घरजग्गाा वहाल कर | ० | १५० | १५० |
| १.१.४.७ | | शहरी क्षेत्र घरजग्गा कर | २८० | ० | २८० |
| १.१.४.८ | | सवारी साधन कर | ४२० | ५० | ४७० |
| १.१.४.९ क | | ब्याज कर | २६० | ० | २६० |
| १.१.४.९ ख | | सम्पत्ति कर | १० | ० | १० |
| १.१.५.० | दस्तुर दण्ड जरिवाना र जफत | | १०,५४९.५० | ३०० | १०,८५० |
| १.१.५.१ | | फर्म रजिष्ट्रेशन दस्तुर | २३० | ० | २३० |
| १.१.५.२ | | एजेन्सी रजिष्ट्रशन दस्तुर | ० | ० | ० |

| | | | | | |
|---|---|---|---|---|---|
| १.१.५.३ | | बन्दुक, पिस्तोल रजिष्ट्रेशन दस्तुर | ९.५० | ० | १० |
| १.१.५.४ | | सवारी इजाजत दस्तुर | १६० | ० | १६० |
| १.१.५.५ | | न्यायिक शुल्क, दण्ड जरिवाना तथा जफत | ३५० | ० | ३५० |
| १.१.५.६ | | प्रशासनिक दस्तुर, दण्ड जरिवाना तथा जफत | ९,८०० | ३०० | १०,१०० |
| १.१.६.० | सरकारी सेवा तथा वस्तुहरुको विक्रीबाट प्राप्त आय | | ५,०१६ | १,५०० | ६,५१६ |
| १.१.६.१ | | पिउने पानी महसूल | २५ | ० | २५ |
| १.१.६.२ | | पानीपोत | १२ | ० | १२ |
| १.१.६.३ | | विद्युत महसूल | ९ | ० | ९ |
| १.१.६.४ | | हुलाक सेवा | ६२० | २०० | ८२० |
| १.१.६.५ | | खाद्य कृषि क्षेत्रको आय | ३०० | ० | ३०० |
| १.१.६.६ | | शिक्षा क्षेत्रको आय | २०० | ० | २०० |
| १.१.६.७ | | वन क्षेत्रको आय | १,३०० | ० | १,३०० |
| १.१.६.८ | | यातायात क्षेत्रको आय | ८५० | ३०० | १,१५० |
| १.१.६.९ | | अन्य सरकारी क्षेत्रको आय | १,७०० | १,००० | २,७०० |
| १.१.७.० | लाभांस | | ५,२२५ | ० | ५,२२५ |
| १.१.७.१ | | वित्तीय संस्था | ५,२०० | ० | ५,२०० |
| १.१.७.२ | | व्यापारिक संस्था | १० | ० | १० |
| १.१.७.३ | | औद्योगिक संस्था | १० | ० | १० |
| १.१.७.४ | | सेवामूलक संस्था | ५ | ० | ५ |
| १.१.८.० | रोयल्टी तथा सरकारी सम्पत्ति विक्री | | ५३० | ५,००० | ५,५३० |
| १.१.८.१ | | खानी रोयल्टी | ३० | ० | ३० |
| १.१.८.३ | | अन्य रोयल्टी | २०० | ० | २०० |
| १.१.८.४ | | अन्य विक्री | ३०० | ५,००० | ५,३०० |
| १.१.९.० | साँव र ब्याज | | ६,४१० | ० | ६,४१० |
| १.१.९.१ | | साँवा–कम्पनी र संस्थानहरुबाट | ३,५०० | ० | ३,५०० |
| १.१.९.२ | | ब्याज–कम्पनी र संस्थानहरुबाट | २,९०० | ० | २,९०० |
| १.१.९.३ | | अन्य साँवा र ब्याज | १० | ० | १० |
| १.१.९.० | विविध आय | | ५०० | ० | ५०० |
| १.१.९.४ | | विविध आय | ५०० | ० | ५०० |

अनुसूची ३

राजश्व असुली विवरण

रु. हजारमा

| संकेत संख्या | शीर्षक | उप–शीर्षक | आ.ब. २०४६।४७ को यथार्थ | आ.ब. २०४७।४८ को संशोधित अनुमान |
|---|---|---|---|---|
| | | कूल जम्मा | ९२,८७५ | १०६,९८३ |
| १.१.१.० | भन्सार महसूल | | २६८४८.७३ | ३०१६१.०० |
| १.१.१.१ | | पैठारीबाट | २६४५९.८२ | २७३४१.५० |
| १.१.१.२ | | निकासीबाट | ३२५.६० | ८२९.६० |
| १.१.१.३ | | भारतीय अन्तःशुल्क फिर्ता | ०.०० | १९७०.०० |
| १.१.१.४ | | भन्सारको अन्य आय | ६३.३१ | १९.९० |
| १.१.२.० | वस्तु तथा सेवाको उत्पादन तथा उपभोगमा लाग्ने अन्तःशुलक र कर | | ३१६४२.५८ | ३६९०९.२१ |
| १.१.२.१ | | औद्योगिक उत्पादनमा अन्तःशुल्क | १०९४८.६५ | ११७२०.०० |
| १.१.२.२ | | मदभट्टी ठेक्का रकम | २१.४३ | २०.०० |
| १.१.२.३ | | विक्री कर | १६५००.७९ | २०००३.४० |
| १.१.२.४ | | मनोरञ्जन कर | ३३५.३६ | ३९८.९० |
| १.१.२.६ | | होटल कर | ९९७.१८ | ११०४.५० |
| १.१.२.७ | | हवाइ उडान कर | ८७७.२८ | १५८९.८५ |
| १.१.२.८ | | ठेक्का कर | १७०४.५२ | १६९५.८० |
| १.१.२.९ | | सडक पुल सम्भार कर | २५३.८६ | ३३६.७६ |
| १.१.२.९ क | | अन्य कर | ३.५१ | ४०.०० |
| १.१.३.० | मालपोत तथा रजिष्ट्रेशन | | ४५१७.५६ | ५०३७.५७ |
| १.१.३.१ | | माल र मालपोत कार्यालयबाट उठाउने मालपोत | ७४६.४५ | ७५३.५७ |
| १.१.३.३ | | घरजग्गा रजिष्ट्रेशन दस्तुर | ३७७१.११ | ४२८४.०० |
| १.१.४.० | आय, नाफा र सम्पत्ति कर | | ९८३०.५५ | ८१४६.८२ |
| १.१.४.१ | | आयकर –सरकारी क्षेत्र | २४०९.४६ | १४६२.७१ |
| १.१.४.२ | | आयकर– अर्घ सरकारी क्षेत्र | २४.०५ | ११७.२० |
| १.१.४.३ | | आयकर–सार्वजनिक क्षेत्र | ०.०० | २३.४४ |
| १.१.४.४ | | आयकर – निजी क्षेत्र | ६२४९.५३ | ५३११.६४ |
| १.१.४.५ | | आयकर–पारिश्रमिक | ५०६.४८ | ३८१.६१ |
| १.१.४.७ | | शहरी क्षेत्र घरजग्गा कर | १९०.७६ | २२४.७० |
| १.१.४.८ | | सवारी साधन कर | ३१८.८४ | ३६३.८० |
| १.१.४.९ क | | ब्याज कर | १३१.४३ | २६१.७२ |
| १.१.४.९.ख | | सम्पत्ति कर | ०.०० | ०.०० |
| १.१.५.० | दस्तुर दण्ड जरिवाना र जफत | | ७७६४.८२ | १०२९६.१० |
| १.१.५.१ | | फर्म रजिष्ट्रेशन दस्तुर | १८३.६५ | २०८.२० |
| १.१.५.३ | | बन्दुक, पिस्तोल रजिष्ट्रेशन दस्तुर | ८.६१ | ८.७० |

| | | | | |
|---|---|---|---|---|
| १.१.५.४ | | सवारी इजाजत दस्तुर | ११४.७१ | १४५.९० |
| १.१.५.५ | | न्यायिक शुल्क, दण्ड जरिवाना तथा जफत | २७८.९१ | ३१३.३० |
| १.१.५.६ | | प्रशासनिक दस्तुर, दण्ड जरिवाना तथा जफत | ७१७८.९४ | ९६२०.०० |
| १.१.६.० | सरकारी सेवा तथा वस्तुहरुको विक्रीबाट प्राप्त आय | | ३९६५.५७ | ४७४४.४० |
| १.१.६.१ | | पिउने पानी महसूल | २१.३३ | २२.२० |
| १.१.६.२ | | पानीपोत | १८.६० | ७.९० |
| १.१.६.३ | | विद्युत महसूल | ५.६३ | ६.९० |
| १.१.६.४ | | हुलाक सेवा | ५९७.८६ | ५८६.०० |
| १.१.६.५ | | खाद्य कृषि क्षेत्रको आय | २३६.६३ | २४२.५० |
| १.१.६.६ | | शिक्षा क्षेत्रको आय | १३१.३६ | १६७.६० |
| १.१.६.७ | | वन क्षेत्रको आय | ११२७.२४ | ११९४.२० |
| १.१.६.८ | | यातायात क्षेत्रको आय | ६३४.०१ | ८२९.४० |
| १.१.६.९ | | अन्य सरकारी क्षेत्रको आय | ११९२.९१ | १६८७.७० |
| १.१.७.० | लाभांस | | २३३८.०३ | ४५८६.४१ |
| १.१.७.१ | | वित्तीय स.स्था | २२७४.१७ | ४५५४.४० |
| १.१.७.२ | | व्यापारिक संस्था | ३.८६ | २.०० |
| १.१.७.३ | | औद्योगिक संस्था | ६०.०० | ३०.०० |
| १.१.७.४ | | सेवामूलक संस्था | ०.०० | ०.०१ |
| १.१.८.० | रोयल्टी तथा सरकारी सम्पत्ति विक्री | | ४०१.३२ | ४०२.२० |
| १.१.८.१ | | खानी रोयल्टी | १४.२२ | १३.४० |
| १.१.८.३ | | अन्य रोयल्टी | २५५.६६ | १६८.३० |
| १.१.८.६ | | अन्य विक्री | १३१.४४ | २२०.५० |
| १.१.९.० | साँव र ब्याज | | ५२९८.२३ | ६२०२.४० |
| १.१.९.१ | | साँवा–कम्पनी र स.स्थानहरुबाट | २५०८.०६ | ३५००.०० |
| १.१.९.२ | | ब्याज–कम्पनी र संस्थानहरुबाट | २७८३.८३ | २६९९.५० |
| १.१.९.३ | | अन्य साँवा र ब्याज | ६.३४ | २.९० |
| १.१.९.० | विविध आय | | २६७.९३ | ४९६.५० |
| १.१.९.४ | | विविध आय | २६७.९३ | ४९६.५० |

अनुसूची ४

साधारण बजेट : व्यय अनुमान

रु.हजारमा

| मुख्य शीर्षक | अनुदान संख्या | उप शीर्षक | आ.ब. २०४६।४७ को यथार्थ | आ.ब. २०४७४८ को संशोधित अनुमान | आ.ब. २०४८।४९ को अनुमान |
|---|---|---|---|---|---|
| १. संवैधानिक अंगहरु | | | १,०३६.४२ | १,९३२.३५ | २,०७६.८२ |
| | १.१ | श्री ५ महाराजाधिराज तथा राज परिवार | ४२३.९५ | ४२२.९५ | ४८५.९५ |
| | १.२ | राजसभा | २३.८९ | ३१.७८ | ३५.६७ |
| | १.३ | संसद | १३२.९० | १५६.०० | ५४२.६१ |
| | १.४ | महालेखा परिक्षकको विभाग | ५९.९५ | ५९.३४ | ९६.४५ |
| | १.५ | सर्वोच्च अदालत | २१.५४ | २०.६७ | २४.८१ |
| | १.६ | लोक सेवा आयोग | १३९.२८ | १४५.१२ | २२३.५० |
| | १.७ | निर्वाचन आयोग | १४३.३६ | १४२.३२ | १७२.०१ |
| | १.८ | अख्तियार दुरुपयोग निवारण आयोग | ६४.५९ | ९२६.८९ | ४५९.२६ |
| | १.९ | महान्यायाधिवक्ताको कार्यालय | २६.९६ | २७.२८ | ३६.५६ |
| २. साधारण प्रशासन | | | ९,६३४.३८ | ११,६१९.०५ | १५,४९७.८६ |
| | २.१ | मन्त्रिपरिषद् | ७७.५७ | ८५.७७ | ९०.०५ |
| | २.२ | श्री ५ को सरकारको सचिवालय | १,३६८.५१ | १,१२६.८३ | १,७३२.५६ |
| | २.३ | जिल्ला प्रशासन | ६६१.३१ | ५५१.०९ | ७३९.११ |
| | २.४ | प्रहरी | ६,५४९.५१ | ८,७५०.०० | ११,५९८.३७ |
| | २.५ | कारागार | ३७२.९५ | ५१८.९२ | ६३५.७४ |
| | २.६ | विविध | ५८०.५३ | ५६२.४४ | ७०२.०३ |
| | २.७ | प्रशासन सुधार | २४.०० | २४.०० | ०.०० |
| ३. राजश्व प्रशासन | | | १,२४३.५२ | १,२५२.२८ | १,७६९.४० |
| | ३.१ | मालपोत | ५५६.५९ | ५५९.८४ | ८६४.९६ |
| | ३.२ | भन्सार | ३५०.५२ | ३६६.०२ | ४६९.६५ |
| | ३.३ | अन्तःशुल्क | १२४.२४ | १२७.६९ | १७६.२० |
| | ३.४ | कर | २०७.३० | १९३.६६ | २५२.०८ |
| | ३.५ | राजश्व न्यायाधिकरण | ४.८७ | ५.०७ | ६.५१ |
| ४. आर्थिक प्रशासन र योजना | | | ४७७.७१ | ४८६.९१ | ५८५.९२ |
| | ४.१ | योजना | २७.२६ | २४.९० | ३२.२१ |
| | ४.२ | तथ्याङ्क | ३०.७९ | २९.६६ | ३६.३२ |
| | ४.४ | महालेखा नियन्त्रक कार्यालय | ४१९.६६ | ४३२.३५ | ५१७.३९ |
| ५.न्याय प्रशासन | | | ८७६.२४ | ८८१.८५ | १,१३२.८७ |
| | ५.१ | अदालत | ८७६.२४ | ८८१.८५ | १,१३२.८७ |
| ६.बैदेशिक सेवा | | | १,५२०.९५ | १,८७९.३५ | २,३४३.४६ |
| | ६.१ | ब्रैदेशिक सेवा | १,३३३.११ | १,६३२.३२ | २,०३७.३५ |
| | ६.२ | विविध | १८७.८४ | २४७.०३ | ३०६.११ |
| ७. रक्षा | | | १०,२७२.१४ | ११,३६१.१८ | १४,२९६.८५ |
| | ७.१ | रक्षा | ८,२२३.१५ | ११,३०६.२३ | १४,२३०.०० |
| | ७.२ | विविध | २,०४८.९९ | ५४.९५ | ६६.८५ |
| ८. सामाजिक सेवाहरु | | | ७,१६१.२२ | ७,९२९.११ | ९,७२५.६३ |

| | | | | | |
|---|---|---|---|---|---|
| | ८.१ | शिक्षा | ३,१९६.७२ | ३,८५०.०० | ४,७१४.१८ |
| | ८.२ | स्वास्थ्य | २,९६५.९५ | ३,२२२.०८ | ३,९०९.२८ |
| | ८.३ | पाउने पानी | २५.९२ | २३.२२ | ३०.२८ |
| | ८.४ | पञ्चायत तथा स्थानीय विकास | ८४.९५ | ६८.६१ | ८९.४० |
| | ८.५ | अन्य सामाजिक सेवाहरु | ८८७.६८ | ७६५.२० | ९८२.४९ |
| ९. आर्थिक सेवाहरु | | | ४,२३७.७३ | ४,३६५.३३ | ५,६८०.९२ |
| | ९.१ | कृषि | ३१५.८१ | ३३५.४३ | ४२६.१३ |
| | ९.२ | सिंचाई | १०१.४७ | ४५.८६ | ९१.४५ |
| | ९.३ | भूमिसुधार | ११९.१३ | १३१.९२ | १५८.३७ |
| | ९.४ | नापी | १४९.०९ | १७३.३५ | २०८.७९ |
| | ९.५ | बन | १७३.११ | १७८.१७ | २३५.२८ |
| | ९.६ | उद्योग तथा खानी | १६०.९२ | १५१.७९ | २०४.९७ |
| | ९.७ | सञ्चार | १,८५४.७१ | २,००४.६७ | २,६२३.०४ |
| | ९.८ | यातायात | १,२७४.२६ | १,२५५.०७ | १,६१४.६५ |
| | ९.९ | विद्युत | ०.०० | ०.०० | ०.०० |
| | ९.१० | अन्य आर्थिक सेवाहरु | ८९.२३ | ८९.०७ | ११८.२४ |
| १०.ऋण तथा लगानी | | | ६६.८३ | १००.०० | १००.०० |
| | १०.१ | ऋण तथा लगानी | ६६.८३ | १००.०० | १००.०० |
| ११. साँवा र ब्याज भुक्तानी | | | २२,७९१.७९ | २४,७३०.८० | ३७,९७१.१४ |
| | ११.१ | साँवा भुक्तानी | ८,०२३.१४ | ७,२६६.८७ | १२,०६९.५७ |
| | ११.२ | ब्याज भुक्तानी | १४,७६८.६५ | १७,४६३.९३ | २५,९०१.५७ |
| १२. विविध | | | ७,३९८.७६ | ४,२४०.६० | ६,२७८.०० |
| | १२.१ | विशिष्ट व्यक्ति तथा प्रतिनिधिमण्डलको भ्रमण खर्च | ५१०.२३ | १००.०० | १००.०० |
| | १२.२ | निवृत्तिभरण,भत्ता तथा उपदान | १,४४५.९० | २,०००.०० | २,९५०.०० |
| | १२.३ | अतिथि सत्कार | ४.६९ | १०.०० | १०.०० |
| | १२.४ | आकस्मिक सहायता चन्दा तथा पुरस्कार | ०.०० | २.०० | २.०० |
| | १२.५ | मुआब्जा | ५४.६२ | १००.०० | १००.०० |
| | १२.६ | अन्य | ४,०१०.०० | २,०२८.६० | २,११६.०० |
| | १२.७ | भैपरी आउने | १,३७३.३२ | ८५००* | १,०००.०० |
| कूल जम्मा | | | १३२,३९९ | १३९,६२५ | १९२,८४१ |

* तलब बृद्धि रकम यस शिर्षकमा देखाइएको ।

अनुसूची ५

विकास बजेट : व्यय अनुमान

रु. हजारमा

| मुख्य शीर्षक | अनुदान संख्या | उप शीर्षक | आ.ब. २०४६।४७ को यथार्थ | आ.ब. २०४७।४८ को संशोधित अनुमान | आ.ब. २०४८।४९ को अनुमान |
|---|---|---|---|---|---|
| २. साधारण प्रशासन | | | १४२.५० | ११३.०४ | १४४.१९ |
| | २.७ | प्रशासन | १४२.५० | ११३.०४ | १४४.१९ |
| ४. आर्थिक योजना र प्रशासन | | | १०७.९० | १,२०६.२९ | ७०१.२६ |
| | ४.१ | योजना | ३३.८४ | ६१.६४ | ७९.६४ |
| | ४.२ | तथ्याक | ७४.०६ | १,१४४.६५ | ६२१.६२ |
| ८. सामाजिक सेवाहरु | | | ३९,७३२.९६ | ४०,२०५.८७ | ५२,७५९.८४ |
| | ८.१ | शिक्षा | १४,७९७.६९ | १७,११६.९२ | २७,३४०.४१ |
| | ८.२ | स्वास्थ्य | ३,९३८.२७ | ४,७८०.३३ | ६,३२४.२३ |
| | ८.३ | पिउने पानी | ६,१७४.५० | ६,९७४.५१ | १०,१२०.९० |
| | ८.४ | पञ्चायत तथा स्थानीय विकास | ४,५४१.३४ | ३,३१५.७५ | ४,७०५.९५ |
| | ८.५ | अन्य सामाजिक सेवाहरु | १०,२८१.१६ | ७,९३८.३६ | ४,२६८.३५ |
| ९. आर्थिक सेवाहरु | | | ८६,००५.१४ | ११५,८८४.४१ | ११४,३४४.८४ |
| | ९.१ | कृषि | ११,८३५.२० | १६,२३८.६० | १६,४९४.५९ |
| | ९.२ | सिंचाई | १२,०४८.१६ | ११,०६६.७८ | १५,६१६.२२ |
| | ९.३ | भूमिसुधार | ३८८.०८ | ४२५.९९ | ३५०.६६ |
| | ९.४ | नापी | ६४४.८३ | ७३६.०१ | ८५७.३२ |
| | ९.५ | बन | ५,४७१.५२ | ५,५६७.५२ | ७,८५२.१९ |
| | ९.६ | उद्योग तथा खानी | १०,४८९.५६ | १४,६३८.२३ | १७,०७६.५५ |
| | ९.७ | सञ्चार | १,२८३.७३ | १२२.६६ | १,८१९.२० |
| | | (क) हुलाक | १७.८१ | २२.६६ | २९.१२ |
| | | (ख) दूर संचार | १,२६५.९२ | १००.०० | १,७९०.०८ |
| | ९.८ | यातायात | १५,९०१.२७ | १६,५४५.७० | २८,८२४.८४ |
| | | (क) सडक | १०,९०६.४७ | १४,३२५.६७ | २१,७४२.७८ |
| | | (ख) पूल | ८१३.८२ | ७८३.२६ | २,२५७.३९ |
| | | (ग) हवाई | ४,१०२.५० | १,३२०.१२ | ४,२८०.९३ |
| | | (घ) अन्य यातायात | ७८.४८ | ११६.६५ | ५४३.७४ |
| | ९.९ | विद्युत | २०,८७६.३६ | १५,१७७.२० | १९,१५१.६६ |
| | ९.१० | अन्य आर्थिक सेवाहरु | ७,०६६.४३ | ३५,३६५.७२ | ६,३०१.६१ |
| | | (क) बाणिज्य | ५७३.२९ | ८२२.४५ | ३७६.९७ |
| | | (ख) श्रम | ८२.७४ | ९९.८२ | १३६.३२ |
| | | (ग) पर्यटन | १८३.५० | १३५.२५ | ३४२.०९ |
| | | (घ) हावापानी तथा जल विज्ञान | १६१.८२ | १७०.६० | १८०.२३ |
| | | (ङ) अन्य | ६,०६५.०८ | ३४,१३७.६० | ५,२६६.०० |
| १२. विविध | | | ३,९८६.४६ | ८,१००.०० | १,०००.०० |
| | १२.६ | अन्य | १,१७९.९२ | ०.०० | ०.०० |
| | १२.७ | भैपरी | २,८०६.५४ | ८,१००.०० | १,०००.०० |
| कूल जम्मा | | | १२९,९७४.९६ | १६५,५०९.६१ | १६८,९५०.१३ |